का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ मंसिर २०८०,
बुधबार
13 December 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ३०८ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सत्ता केन्द्रित कसरत



सरकारबाहिर रहेर गतिविधि गरिरहेको रास्वपालाई सरकारमा सम्मानजनक सहभागिता चाहिएको छ भने प्रधानमन्त्री प्रचण्ड रास्वपालाई लिएर थप बलियो हुन चाहन्छन् । तर रास्वपा सरकारमा जाने/लैजाने कसरतका लागि ठोस् कारण फेला पार्न सकेका छैनन् ।

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, २६ मंसिर ।

असार १९ गते मलेसियाबाट नेपाल फर्किएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भोलिपल्ट २० गते बिहान पार्टीका उपाध्यक्षद्धय डोलप्रसाद अर्याल र स्वर्णिम वाग्लेलाइ लिएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न प्रधानमन्त्री निवास बालुवाटार गए । माओवादी केन्द्रका महासचिव देव गुरुङ समेत सहभागी उक्त छलफलमा मुलुकको आर्थिक अवस्था र सुधारको विषयमा ज्यादा छलफल भएको थियो ।

रास्वपा उपसभापति वाग्लेले नेपालको वर्तमान अर्थतन्त्रको विषयमा आम नागरिकमा रहेको बुझाई र विज्ञका रुपमा आफूले देखेको अवस्था चित्रण गरेका थिए भने सुधारका उपायहरु सरकारले के कसो काम गर्न सक्छ सुझाएका थिए । तर, उक्त छलफल आर्थिक अवस्थाको सम्बन्धमा भएको जस्तो देखिएता पनि प्रधानमन्त्री प्रचण्ड र रास्वपा दुवैले एक अर्कोलाई विश्वासका लागि वातावरण बनाउने र सरकारमा सहभागिताका लागि माहोल बनाउने कार्यमा उपयोग गरेको नेताहरु बताउँछन् ।



रास्वपा सरकारमा सहभागी हुन्छ भने प्रधानमन्त्री तयार हुनुहुन्छ । यसका लागि कसरत हुनु स्वभाविक पनि छ ।

**देव गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

कांग्रेसका एक पदाधिकारीका अनुसार प्रचण्ड र रास्वपाका नेताहरुको पछिल्लो समय भेटघाट बाक्लिएको छ । सरकारबाहिर रहेर गतिविधि गरिरहेको रास्वपालाई सरकारमा सम्मानजनक सहभागिता चाहिएको छ र त्यसकारण सरकारको नेतृत्वकर्ता दलको नेता र प्रधानमन्त्रीसँग भेटघाट गरिरहेको छ भने प्रधानमन्त्री प्रचण्ड रास्वपालाई लिएर सरकारको गति बढाउन चाहन्छन् । तर, रास्वपा सरकारमा जाने/लैजाने कसरतका लागि ठोस 'निहुँ' चाहिएको छ ।

रास्वपा सरकारमा जाने/लैजाने कसरतमा दुवैका स्वार्थ छन् । रास्वपा सरकारमा सहभागी भएर सरकारको कामकारबाहीको जस लिन चाहन्छ भने यसपटक चुनाव जितेका क्षेत्रमा बजेट लगेर विकास निर्माणको काम गर्न चाहन्छ । केही नमुना काम गर्न सकिए अन्य क्षेत्रमा पनि सोही अनुसारको गति दिनका लागि भोट माग्ने बलियो आधार आगामी चुनावमा हुने रास्वपा नेताहरुको बुझाई >>> पृष्ठ २ मा

# लेखा समितिको नजर ओम्नीमा

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २६ मंसिर ।

नोविल कोरोना भाइरस (कोभिड-१९) को महामारीको समयमा खरिद गरिएका स्वास्थ्य सामग्रीहरु खरिदमा भएको भनिएको प्रकरणमा प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले पुनः चासो देखाएको छ । समितिका सचिव एकराम गिरिका अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्र पठाएर कोभिडकालमा किनिएको स्वास्थ्य सामग्रीको विवरण माग गरिएको छ ।

समितिमा प्राप्त उजुरी र अघिल्लो कार्यकालमा छलफल भएका र टुंगिन बाँकी रहेका विषयहरुउपर अध्ययन गरी समितिले यो विषयलाई छलफलको विषय बनाउने गरी तय गरेको थियो । त्यस आधारमा समितिले पत्र पठाएको हो ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पत्र पठाएर कोभिडकालमा किनिएको स्वास्थ्य सामग्रीको विवरण माग गरिएको छ ।

**एकराम गिरी**
**सचिव, लेखा समिति**

ओम्नी प्रकरणका रुपमा राजनीतिक रुपमा चर्चा हुने गरेको यो विषयमा प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा समेत सार्वजनिक लेखा समितिमा छलफल भएको थियो । तर, कुनै निष्कर्षमा समिति पुगेको थिएन ।

त्यसबेला कोरोना भाइरसको उपचारका लागि स्वास्थ्य सेवा विभागले ओम्नी बिजनेश कर्पोरेट इन्टरनेशनलसँग स्वास्थ्य सामाग्री खरिदको सम्झौता गरेको थियो । तर, ओम्नीले सामान ल्याएपछि सम्झौता विवादमा परेको थियो । विना प्रतिस्पर्धा महंगो मूल्यमा खरिद गरेको भनेर प्रश्न उठेपछि तत्कालीन सरकारले ओम्नीसँगको सम्झौता रद्द गरेको थियो ।

अघिल्लो कार्यकालमा सार्वजनिक लेखा समितिले औषधि खरिद प्रक्रियामा भएको सबै कागजपत्र मगाएर छलफल गरेपनि यो विषयमा के भएको हो निष्कर्ष दिन सकेको थिएन ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले स्वास्थ्य सामग्री खरिद प्रक्रिया कानुनविपरीत भएको प्रतिवेदन दिँदासमेत समिति निष्कर्षमा पुग्न नसकेपछि लेखा समितिले छानबिनको जिम्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सुम्पिएको थियो ।

सार्वजनिक लेखा समितिले यो विषयमा फेरि छलफल अगाडि बढाउन खोजेको छ । त्यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसाग विवरण माग गरिएको हो ।

## गृहमन्त्रीको टेबलमा मिटरब्याज प्रतिवेदन

# सवा ४ अर्बको लेनदेन मिल्न बाँकी

अनुचित लेनदेनको उजुरी गृहले हेर्ने गरी बुझाइएको प्रतिवेदनमा मिलापत्रमार्फत् मिलेको रकम र मिल्न बाँकी रकमबारे समावेश छ । हालसम्मको मिलापत्रबाट साहुहरुको लिखत ५ अर्ब ८९ करोड ९३ लाख रुपैयाँबाट घटेर ४ अर्ब १७ करोड ६ लाख रुपैयाँमा आइपुगेको प्रतिवेदनमा उल्लेख छ ।



अनुचित लेनदेनको केन्द्र मधेश प्रदेश र पश्चिम नवलपरासी देखियो ।

**गौरीबहादुर कार्की**
अध्यक्ष
मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २६ मंसिर ।

अनुचित लेनदेन मिटरब्याजसम्बन्धी जाँचबुझ आयोगले सरकारलाई सुझावसहितको प्रतिवेदन बुझाएको छ । अब अनुचित लेनदेनको उजुरी गृहले हेर्ने गरी बुझाइएको प्रतिवेदनमा मिलापत्रमा मिलाइएको रकम र मिलाउन बाँकी रकमको विषय छ । >>> पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

# भिजिट भिसामा प्रहरीको अप्रेशन

## नेपाल एयरलाइन्सका अधिकृतसहित ६ वटा ट्राभल्सका सञ्चालक पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

भिजिट भिसामा विदेश पठाइदिन नक्कली कागजातसमेत बनाएको अभियोगमा प्रहरीले नेपाल वायुसेवा निगमका अधिकृतसहित काठमाडौंबाट ६ वटा ट्राभल्स एजेन्सीका सञ्चालकलाई पक्राउ गरेको छ। नक्कली कागजात बनाएर भिजिट भिसामा विदेश पठाउने गिरोहसँग 'मिलेमतो' गरेको आरोपमा प्रहरीले नेपाल वायुसेवा निगममा कार्यरत अधिकृत होमनाथ पोखरेलसहित ७ जनालाई पक्राउ गरेको हो । >>> पृष्ठ २ मा

### इजरायलको रोजगारीमा विभागको खबरदारी

**काठमाडौं / मस-** वैदेशिक रोजगार विभागले इजरायलको कृषि क्षेत्रका लागि नेपाली कामदार लैजाने विषयमा छलफल भएपनि मंगलबारसम्म कुनै निर्णय नगरेको बताएको छ। इजरायलमा विदेशबाट कृषि कामदार लैजाने प्रक्रियालाई तीव्रता पारिएको अवस्थामा नेपालका केही पक्षले उक्त मुलुकमा कृषि कामदार पठाउने भन्दै प्रलोभनमा पारी रकम उठाउने गरेको सूचना आएको उल्लेख गर्दै विभागले कृषि क्षेत्रका सिक्दै >>> पृष्ठ २ मा

**आवश्यकता**

वैदेशिक रोजगारीको क्षेत्रमा स्थापित मेनपावर कम्पनीको लागि निम्न पदमा योग्य कर्मचारीहरु आवश्यक परेकोले इच्छुक व्यक्तिहरुलाई आवेदनको लागि आह्वान गरिन्छ ।

| S.N. | POST | No. Of Post | Qualification |
|---|---|---|---|
| 1. | Receptionist | 1 (Female) | +2 Passed |
| 2. | OFFICE INCHARGE | 1 (Female) | Bachelor Passed |
| 3. | Documentation | 1 (Male/ Female) | +2 Passed |
| 4. | PRO | 1 (Male) | Bachelor Passed |

मेनपावर कार्यक्षेत्रमा अनुभव भएको विशेष प्राथमिकता । दक्ष कर्मचारी लाई तलब २०,०००-४०,०००/-हुने

सेवा तथा सुविधा कम्पंनीको नियमानुसार हुनेछ ।

योग्य तथा इच्छुक व्यक्तिले ७ दिन भित्र आफ्नो बायोडाटा निम्न इमेल मार्फत पठाउनु होला । इमेल: info@shalmanioverseas.com

**शल्मानी ओभरसिज प्रा. लि.**
कोटेश्वर, काठमाडौं, नेपाल । फोन: 01-5148227/5148228/9808200277
श्रम इजाजत नं. ८२८/०६६/०६७




**VACANCY ANNOUNCEMENT**

Blue Sky International Pvt.Ltd. a Fair and Ethical Responsible Recruitment Organization is inviting you to be part of our team. Join us and be a part of the winning team. We do transparent screening of each application. Submit your latest CV if you are with the following criteria.

**1. CIVIL FOREMAN**
Key Areas of Requirements for applying:
- Setting HR plans, policies and execute the policies under the minimum supervision.
- Should have at least bachelors' degree.
- Should have HR related knowledge and 3-4 years experience in related filed.

**2. SECRETARY**
- Answering phone calls and redirect them when necessary
- Preparing and disseminating correspondence, memos and forms
- Having 2-3 years prior experience in related filed.

**3. RECEPTIONIST**
- Answering screening and forwarding incoming phone calls
- Receiving visitors at the front desk by greeting, welcoming, directing and announcing them appropriately

Attractive Salary To the Deserving Candidates

Interested candidates can drop their CV : operations@blueskyint.com.np

**BLUE SKY INTERNATIONAL PVT. LTD.**
Maharajgunj,Chakrapath, Kathmandu, Nepal
(ब्राजिलियन राजदूतावासको पछाडी)
01-4721888,01-4721633
Licence No: 266-058-059

# कोठालाई लिएर वीरगञ्ज महानगरमा विवाद

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर

वीरगञ्ज महानगरपालिका कार्यालयमा एक कोठालाई लिएर मेयर राजेशमान सिंह र उपमेयर इम्तियाज आलमका समर्थकबीच विवाद भएको छ । प्रमुख प्रशासकीय अधिकृत रहेको कोठा खाली भएपछि महानगरले मेयर सिंहको निर्देशनमा कर्मचारी पञ्जीकरण शाखा सार्न खोज्दा उपमेयर आलमको सचिवालयले रोकेको थियो ।

पहिले प्रमुखको सचिवालय र कर्मचारीविरुद्ध उपप्रमुखको सचिवालयबाट नसार्न दबाब आइरहेको तर उपप्रमुख र प्रमुखका समर्थकहरु ठूलो संख्यामा कार्यलय छिरेपछि विवाद भएको एक कर्मचारीले बताए।



कार्यालयमा दिउँसो तनाव भएपछि दिनभर सेवा नै भएको थियो । भीड नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालय पर्साले डीएसपीको कमाण्डमा ५० भन्दा बढी प्रहरी परिचालित गरेको थियो ।

यसैबीच कार्यालय सार्दा अभद्र व्यवहार भएको भन्दै वीरगञ्ज महानगरपालिकाका कर्मचारीहरु आन्दोलित भएका छन् । उनीहरुले महानगर प्रमुख राजेशमान सिंहलाई ज्ञापनपत्र बुझाउँदै बुधबारदेखि कालोपट्टी बाँधेर विरोध जनाउने जानकारी दिएका छन् ।

# ‘ढुंगा हान्दैमा पहिचानवादी भइँदैन’

**झापा/मस**-कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले एउटा मान्छेलाई खेदेर ढुंगा हान्दैमा पहिचानवादी बन्न नसकिने भन्दै आफ्नो मागलाई शान्तिपूर्ण ढंगले राख्न सुझाव दिएका छन् ।



दमक नगरपालिकाले मंगलबार आयोजना गरिएको लागुऔषधको नियन्त्रण, रोकथाम सचेतना र उपचार अभियान कार्यक्रमको शुभारम्भ सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले पहिचानका लागि भइरहेको आन्दोलन हिंसात्मक हुँदै गएकाले अब हिंसाबाट आफ्ना माग पूरा गर्ने भ्रम त्याग्नुपर्ने स्पष्ट पारे ।

पहिचानवादीको नाममा हुँदै आएका गतिविधि सरकारले गम्भीर रुपमा लिँदै आएको बताउँदै उहाँले पहिचानका नाममा हिंसा, अस्थिरता निम्त्याउने कार्य भएर त्यस्ता कार्य कानून अनुसार नियन्त्रण गर्न सरकार बाध्य हुने बताए ।

पहिचानवादीले व्यक्ति लक्षित आक्रमण गर्ने कार्य ठीक नभएको उनको भनाइ थियो । उनले किरात सभ्यता र संस्कृति देशकै साझा गहना मात्र नभएर सम्पत्ति भएकाले यस्ता सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्न प्रदेश सरकार प्रतिबद्ध भएको बताए । उनले भने,‘पहिचानको मुद्दा यो सरकारले अनुभूति हुने गरी काम गर्नेछ, त्यसमा चिन्ता लिनुपर्दैन ।’

आफू मुख्यमन्त्री भएपछि राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको नाममा यो प्रदेशभित्रका विभिन्न जातजाति, भाषाभाषी, संस्कार र संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्नका लागि फाल्गुनन्द भाषा संस्कृति संरक्षण प्रतिष्ठान गठन गर्न बजेट छुट्याएको बताउँदै अब चाँडै नै प्रदेश तहमा सरोकारवाला सम्मिलित समिति गठन गरी काम थाल्ने जानकारी दिए ।

‘लागुऔषध नियन्त्रण, रोकथाम, सचेतना र उपचार अभियान दमकबाट सुरु भएको र यो प्रदेशभर आवश्यक भएको मुख्यमन्त्रीको भनाइ थियो । संस्कार युक्त समाज निर्माण गर्ने कुरामा हामी सधै तत्पर रहनुपर्छ र कोशी प्रदेश सरकार यसमा तत्पर छ’ उनले भने ।

लागुऔषध प्रयोगकर्तालाई समाजमा पुनःस्थापित गर्न र यसका लतमा लाग्न नदिनका लागि सबैको सहयोग आवश्यक रहेकोमा पनि उले जोड दिए । दमकको कार्यक्रममा सहभागी हुन आउने क्रममा दमक-९ स्थित बिजुली अफिस सडकखण्डमा पहिचानवादीले कालो झण्डा देखाएर उहाँ सवार गाडीमा ढुंगा प्रहार गरेका थिए ।

# सूचना प्रदान गर्नु हरेक सरकारी निकायको दायित्व : प्रमुख आयुक्त

**सोलुखुम्बु/मस**-राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङले सूचना प्रदान गर्नु हरेक सरकारी निकायको दायित्व भएको बताएका छन् । यसका लागि सजग हुन उनले सबैलाई आग्रह गरे ।

राष्ट्रिय सूचना आयोगले यहाँ मंगलबार आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रमुख आयुक्त गुरुङले लोकतान्त्रिक पद्धतिमा सार्वजनिक निकायका क्रियाकलाप हरेक नागरिकले थाहा पाउने अधिकार भएकाले सूचनाको हक अझ महत्पूर्ण भएको बताए ।

नियम सम्बद्ध तवरबाट मागिएका सूचना सार्वजनिक निकायले नदिएमा उजुरी परेका खण्डमा आयोगले त्यस्ता निकायलाई कारबाही गर्ने उनले बताए ।

चार वर्षको अवधिमा आयोगले स्थानीय तहका १९ पदाधिकारीलाई कारबाही गरेको सो अवसरमा प्रमुख आयुक्त गुरुङले जानकारी दिए । कुनै पनि सार्वजनिक निकाय सूचनाको हकभन्दा माथि नरहेकाले सूचना प्रदान गर्नमा कन्जुस्याइँ नगर्न उनले आग्रह गरे ।

निमित्त प्रमुख जिल्ला अधिकारी सरोज अर्यालले नागरिकलाई जतिसक्दो धेरै सूचना माग्ने वातावरण सृजना गर्नु कर्मचारीको दायित्व भएको बताए । कानुनले निर्दिष्ट गरेका अधिकार नागरिकलाई उपलब्ध गराउने सवालमा जिल्लाका सबै कर्मचारी प्रतिबद्ध रहेका उनले उल्लेख गर ।

जिल्ला समन्वय समितिका उपप्रमुख टीकामाया मगरले सूचनालाई अतिरञ्जित गर्न नहुनेमा जोड दिइन् ।

सूचनाको हकले नागरिकलाई विषयवस्तुबारे जानकारी गराए पनि सूचना दुरुपयोग हुने क्रम बढेको आभास भएको बताइन् ।

सोलु दूधकुण्ड नगरपालिकाका प्रमुख नाम्गेल जाङ्बु शेर्पाले लोकतन्त्रको सबल पक्षमध्ये सूचनाको हक पनि भएकाले नागरिक सुसूचित हुनुपर्ने बताए ।

‘कार्यालयहरूले सूचना आदानप्रदान गर्दा गोपनीयताको हकको पनि ख्याल गर्नुपर्छ’, उनले भने ।

सरकारी सूचना प्राप्त गर्न पाउनु नागरिकको अधिकार भए पनि प्राप्त सूचनाको दुरुपयोग गर्न भने नहुने उनको भनाइ थियो ।

नेपाल पत्रकार महासंघ सोलुखुम्बु शाखाका सचिव डिबी खालिङले सूचनाको पहुँचमा नागरिकलाई पुऱ्याउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताए ।

कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयका प्रमुख, कार्यालयका सूचना अधिकारी, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

# नदीजन्य पदार्थ तस्करी गरेको आरोपमा ५६ सवारीसाधन नियन्त्रणमा



**गण्डकी/मस**-नदीजन्य पदार्थ तस्करी गरेको आरोपमा ५६ वटा सवारीसाधनलाई नियन्त्रणमा लिइएको छ । कास्की जिल्लाको विभिन्न स्थानमा नदीजन्य पदार्थ अवैध रुपमा दोहनमा प्रयोग गरिएका सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय कास्कीको सक्रियतामा नदीबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी फर्जी बिल बनाई चोरी निकासीमा संलग्न ५६ वटा सवारीसाधन नियन्त्रणमा लिएको हो ।

कास्कीका प्रहरी प्रवक्ता श्रवणकुमार विश्वकर्माका अनुसार नदीजन्य पदार्थ ओसारपसार गर्ने, फर्जी विल बनाएका ट्रक, टिपर, ट्र्याक्टरलगायत सवारीसाधन नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि पोखरा महानगर नगर कार्यपालिकाको जिम्मा लागाइएको छ ।

# यी १० औषधि उत्पादनमा रोक

**काठमाडौं/मस**-औषधि व्यवस्था विभागले विभिन्न १० प्रकारका औषधि उत्पादनमा रोक लगाएको छ । औषधि मुल्यांकन समितिबाट प्राप्त रायअनुसार ती औषधिलाई उत्पादनमा रोक लगाइएको विधागका महानिर्देशक नारायण ढकालले जानकारी दिए ।




लिनाग्लिप्टिन २.५ एमजी, लिनाग्लिप्टिन १० एमजी, रिभारोक्सबान ५ एमजी, एसिक्लोफेनाक २०० एमजी, एसिक्लोफेनाक ३०० एमजी उत्पादनमा रोक लगाइएको हो ।

यस्तै लिनाग्लिप्टिन २.५ एमजी मेटफर्मिन ५०० एमजी र लिनाग्लिप्टिन २.५ एमजी मेटफर्मिन ८५० एमजी तथा लिनाग्लिप्टिन ५ एमजी मेटफर्मिन ५०० एमजी र लिनाग्लिप्टिन ५ एमजी मेटफर्मिन ८५० एमजी हाललाई उत्पादनमा रोक लगाइएको हो । यी औषधिहरु नेपाली कम्पनीबाट उत्पादित औषधिहरु रहेका छन् । औषधि सल्लाहाकार समितिको बैठकबाट यसबारे थप निर्णय हुने महानिर्देशक ढकालले जानकारी दिए ।

साथै औषधि सल्लाहकार समितिबाट सिफारिस प्राप्त नहुँदा सम्मको लागि नयाँ उत्पादन नगर्न र बजारमा बिक्रि वितरण भइरहेको ब्राण्ड समेत थप उत्पादन नगर्न विभागले निर्देशन दिएको छ ।

# गोली प्रहार गरी लागुऔषध कारोबारी पक्राउ

**काठमाडौं/मस**-प्रहरीले ललितपुरको झम्सिखेलमा गोली चलाएर लागुऔषध कारोबारीलाई पक्राउ गरेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालय बानेश्वरको टोलीले ललितपुरको झम्सिखेलबाट गोली प्रहार गरेर एक जना लागुऔषध कारोबारीलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा अविनाश राई रहेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले उनको साथबाट आइस ड्रग बरामद गरेको छ । उनको दाहिने खुट्टामा गोली लागेको छ भने राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

प्रहरीमाथि आक्रमण गरेपछि गोली चलाउनु परेको प्रहरीले जनाएको छ । साथबाट एउटा पेस्तोल पनि बरामद भएको छ ।

# ‘गरी खाने शिक्षा, महानगरको इच्छा’ पूरा गर्न केयुसँग सम्झौता

**काठमाडौं/मस**-सामुदायिक शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्न काठमाडौं महानगरपालिकाले काठमाडौं विश्वविद्यालय (केयु)सँग सम्झौता गरेको छ ।



महानगरपालिकाले चालु आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याएको गौरव योजना अर्न्तगत ‘गरी खाने शिक्षा, महानगरको इच्छा’ लाई दिगो र प्रभावकारी रुपमा सञ्चालन गर्नु सहकार्यको मुख्य उद्देश्य भएको महानगरपालिकाको शिक्षा विभागका प्रमुख सीताराम कोइरालाले बताए ।

विभागका प्रमुख कोइराला र विश्वविद्यालयको शिक्षा विभागका डीन प्रा. डा. बालचन्द्र लुइँटेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौताबमोजिम महानगरपालिकाले गत वैशाखदेखि लागु गरेको शिक्षामा सिप, पुस्तकरहित शुक्रबार तथा बाल सञ्जाल गठन तथा सशक्तीकरण, शिक्षक विद्यार्थीको प्रविधिमैत्री सीप विकास कार्यक्रम, शिक्षण सुधार, प्रारम्भिक बाल विकास कक्षाको स्तरोन्नतिमा सहकार्य हुनेछ ।

हाल महानगरपालिकाले ८९ सामुदायिक विद्यालयमा दुई हजार २०२ जना शिक्षकले अध्यापन गर्नु हुन्छ । विभागका प्रमुख कोइरालाले सामुदायिक शिक्षाको स्तर उकास्दै संस्थागत विद्यालयमा पनि कार्यक्रम क्रमशः कार्यान्वयन गरिने बताए । महानगरपालिकाले ‘गरी खाने शिक्षा, महानगरको इच्छा’ कार्यान्वयन गर्न ५० करोड रुपैयाँ विनियोजन गरेको छ ।

## सत्ता...

छ । यो बुझाईमा रास्वपा सभापति लामिछाने र उपसभापति वाग्ले रहेका छन् उनीहरु दुबै सरकारमा जान इन्छुक छन् । तर, सरकारमा जाँदा केलाई आधार बनाउने भन्ने टुंगोमा उनीहरु पुगिसकेका छैनन् ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड रास्वपालाई सरकारमा सहभागी गराउन सकिए सरकारलाई गति दिन सकिने विश्वासमा छन् । अन्यथा गठबन्धनभित्र अंकगणितको विषय उठिरहने र निश्चित समयपछि एकीकृत समाजवादीले सरकारको नेतृत्वमा दाबी गर्ने त्रासमा छन् । रास्वपालाई सरकारमा सहभागी गराउन सके जनता समाजवादी पार्टी (जसपा)ले गठबन्धन छोडे पनि असर नपर्ने बुझाईमा रहेका प्रधानमन्त्री प्रचण्ड एकीकृत समाजवादी समेत रास्वपा सरकारमा सहभागी भएको खण्डमा प्रधानमन्त्री नपाए पनि गठबन्धन छोडेर नजाने बुझाइमा छन् ।

माओवादी केन्द्रका महासचिव देव गुरुङ प्रधानमन्त्री प्रचण्ड रास्वपा सरकारमा सहभागी भए स्वागत गर्न तयार रहेको बताउँछन् । ‘प्रधानमन्त्री प्रचण्ड सुरुदेखि सके सर्वदलीय सरकार नै बनाउने कसरतमा हुनुहुन्छ’ उनी भन्छन्, ‘रास्वपा सरकारमा आउँछ भने त्यसका लागि प्रधानमन्त्री तयार हुनुहुन्छ । यसका लागि कसरत हुनु स्वभाविक पनि छ ।’

## गृहमन्त्रीको...

प्रतिवेदन अनुसार पीडितहरू र साहुहरूबीच कुल ५ अर्ब ५७ करोड १९ लाख रुपैयाँको लिखत कारोबार भएको पाइएको छ । तर साहुहरूले ७ अर्ब ६२ करोड ८० लाख रुपैयाँ असूल हुन बाँकी रहेको बताएका थिए ।

त्यसमध्ये कुल १ अर्ब ७२ करोड ८६ लाख रुपैयाँको कारोबार दुवै पक्षबीचको सहमतिमा टुंगिएको र साहुहरूले बाँकी छ भनेर माग गरेको ७ अर्ब ६२ करोड ८० लाख रुपैयाँ घटेर ५ अर्ब ८९ करोड ९३ लाख रुपैयामा आइपुगेको छ । हालसम्मको मिलापत्रबाट साहुहरूको लिखत ९५ अर्ब ८९ करोड ९३ लाख रुपैयाँबाट घटेर ४ अर्ब १७ करोड ६ लाख रुपैयाँमा आइपुगेको प्रतिवेदनमा समावेश छ ।

गत चैतमा सरकारले पूर्व न्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको आयोग गठन गरेको थियो । आठ महिनापछि मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई अध्यक्ष कार्कीले प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदन बुझेपछि आयोगप्रति धन्यवाद व्यक्त दिँदै प्रधानमन्त्री प्रचण्डले प्रतिवेदन कार्यान्वयनका लागि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई हस्तान्तरण गरेका छन् ।

पूर्व न्यायाधीश कार्कीको अध्यक्षतामा गठित आयोगमा उत्तमराज सुवेदी र गणेशप्रसाद अर्याल सदस्य थिए । सुरुमा तीन महिनाको लागि गठन गरिएको आयोगको म्याद एकपटक तीन महिना र अर्कोपटक दुई महिना थप गरिएको थियो । आठ महिनाको अध्ययनपछि आयोगले प्रतिवेदन बुझाएको हो ।

आयोगले प्रतिवेदन बुझाएसँगै अब अनुचित लेनदेनको उजुरी तथा समस्यालाई गृह मन्त्रालय र यस अन्तर्गतका जिल्ला प्रशासन कार्यालयहरूले हेर्ने भएका छन् । संसदले यस सम्बन्धी कानून समेत पारित गरी कार्यान्वयनमा आइसकेको छ ।

आयोगका अनुसार २०८० वैशाख १७ देखि जेठ १४ सम्म पीडितहरुको निवेदन लिदा करिब २८ हजार पीडितहरूले निवेदन दिएका थिए । त्यसमध्ये मधेशका ८ जिल्लाबाट २१ हजार ५ सय ५२ र पश्चिम नवलपरासीबाट १ हजार ८ सय ६२ निवेदन परेको आयोगले बताएको छ ।

प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउँदै अध्यक्ष कार्कीले प्रतिवेदनमा जिल्लागत विवरण र समाधानको विकल्पहरू प्रस्तुत गरिएको जानकारी दिए । उनले ३९ जिल्लामा अनुचित लेनदेनको समस्या नरहेको समेत बताए । ‘अनुचित लेनदेनको केन्द्र मधेश प्रदेश र पश्चिम नवलपरासी देखियो ।’ प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउँदै अध्यक्ष कार्कीले भनेका छन् । दुईचार निवेदन परेका र अहिलेसम्म सुल्झिसकेका २९ जिल्लासमेत ३९ जिल्लामा अनुचित लेनदेनको समस्या नरहेको अध्यक्ष कार्कीले जानकारी दिएका हुन् । आयोगले दुवै पक्षबीचको सहमतिमा २ सय १८ विघा, १० कट्टा, ०७ धुर जग्गा (७९३ कित्ता) साहुबाट पीडितलाई फिर्ता गराइएको छ भने ५ हजार १ सय ८८ निवेदन मिलापत्र भएको छ ।

प्रतिवेदनमा जिल्लागत विवरण र समाधानको विकल्पहरू समेत प्रस्तुत गरिएको छ ।

## भिजिट...

उपत्यका अपराध अनुसन्धान कार्यालयले स्काई ट्राभल्सका सञ्चालक दिनेश ज्ञवाली, मञ्जरी ट्राभल्सका भक्तबहादुर थापा, रोलेक्स ट्राभल्सका सञ्चालक देवराज खनाल, होलिडे टुर्स एन्ड ट्राभल्सका सञ्चालक सरोज कुमार यादव, एचआर टुर्स एन्ड ट्राभल्सका राम प्रसाद भण्डारी र अन्ट्रा ट्रिप ट्राभल्सका सञ्चालक मनुराज चौधरीलाई पक्राउ गरेको छ । प्रहरीले विदेश पठाउने गिरोहसँग मिलेर काम गरेको विषयमा उनीहरूमाथि अनुसन्धान गरिरहेको बताएको छ ।

त्यस्तै एड्भान्स म्यानेजमेन्ट मल्टिपल ट्रेनिङ सेन्टरका सञ्चालक गणेश पाण्डेलाई पनि पक्राउ गरिएको प्रहरीले बताएको छ । यस प्रकरणमा हालसम्म २१ जना पक्राउ परेको बताइएको छ ।

## इजरायलको...

कमाउँदै ‘लर्न अर्न’ कार्यक्रम तथा अन्य क्षेत्रमा पठाउने आश्वासन र प्रलोभन दिइ ठगी हुने अवस्था रहेकाले सचेत हुन आग्रह गरेको छ । विभागका निर्देशक कविराज उप्रेतीले विज्ञप्ति जारी गर्दै ठगी सम्बन्धमा सूक्ष्म अध्ययन गरिरहेको समेत दाबी गरेको छ । प्यालेस्टाइनको लडाकु संगठन हमासको आक्रमणपछि इजरायलमा अधिकांश कृषि कामदार असुरक्षाको कारण देखाउँदै स्वदेश फर्किएपछि हाल इजरायलमा कृषि कामदारको समस्या बढेको छ । हमाससँगको लडाइँ कमजोर हुने परिस्थिति देखिएपछि इजरायलले कृषि क्षेत्रमा हुनसक्ने कामदारको अभाव परिपूर्ति गर्न विदेशी कामदार ल्याउने कामलाई तीव्रता दिएको छ । नेपाल सरकार र इजरायलबीच भएको श्रम सम्झौताअनुसार इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा नेपालबाट सहायक कामदार पठाउने गरिएको छ ।

इजरायलमा युद्धपछि कृषि उत्पादनलाई पहिलेको अवस्थामा फर्काउन सरकारीस्तर (जीटुजी मोडल)मा कामदार लैजान सम्झौता गरेका मुलुकहरूबाट समेत गैरसरकारी प्रक्रियाबाट तीन महिनाभित्र कामदार ल्याउन निजी क्षेत्रलाई अनुमति दिएपछि श्रीलंका, भारत इन्डोनेशिया र भियतनामबाट कृषि कामदार इजरायल पठाउन प्रक्रिया तीव्र पारिएको बताइएको छ ।

सो समाचार सार्वजनिक भएपछि नेपालबाट समेत कृषि कामदार पठाउन निजी क्षेत्रलाई अनुमति दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय लचिलो बनेको कतिपयको बुझाइ छ । विभागले पनि सहमति नभएपनि छलफल भएको बताएको छ ।

विगतमा लर्न एन्ड अर्न कार्यक्रम अन्तर्गत विद्यार्थी इजरायल गएका थिए । तर हमासको आक्रमणमा दश नेपाली विद्यार्थीको मृत्यु भएपछि अन्यलाई उद्धार गरी नेपाल फर्काउनु परेको थियो । हमासको अपहरणमा परेका विद्यार्थी विपिन जोशी अझैसम्म मुक्त भएका छैनन् । उनको रिहाइको पहल गर्नका लागि हाल परराष्ट्रमन्त्री नारायण प्रसाद साउद कतार भ्रमणमा रहेका छन् ।

# दिक्तेलबाट प्रचण्डलाई ओलीको शुभकामना

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ मंसिर



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई जन्मदिनको शुभकामना दिएका छन् । एमालेको संकल्प यात्रा अन्तरगत मंगलबार खोटाङको दिक्तेल पुगेका ओलीले प्रचण्डलाई फोन गरेर जन्मदिनको शुभकामना दिएका हुन् ।

‘आज रामेछाप, सिन्धुली, ओखलढुंगा र खोटाङ गरी हाम्रो यात्रा चार जिल्ला पार गऱ्यो । दिनभर व्यस्त थिएँ । साँझ दिक्तेल आएपछि प्रधानमन्त्री तथा मेरा मित्र पुष्पकमल दाहाल प्रचण्डसँग फोनमा कुरा भयो’, ओलीले सामाजिक सञ्जालमा भनेका छन्, ‘उहाँको आज जन्मदिन, जन्म दिनको शुभकामना !’

**प्रचण्डले बालुवाटारमा रोपे रुद्राक्षको बिरुवा**

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न ‘जन्मदिनमा वृक्षरोपण अभियान’ले महत्वपूर्ण भूमिका खेल्ने बताएका छन् । आफ्नो ६९ औं जन्मदिनमा मंगलबार बालुवाटारमा रुद्राक्षको बिरुवा रोप्दै उनले सो कुरा बताएका हुन् ।

उनले यस अभियानप्रति आफ्नो साथ सहयोग र समर्थन रहने पनि प्रतिबद्धता जनाए । जन्मदिनमा वृक्षरोपण अभियान नेपालका परिकल्पनाकार बासुदेव सेढाईले अभियानबारे जानकारी गराएका थिए । जन्मदिनमा वृक्षरोपण कार्यक्रममा प्रधानमन्त्रीका जनसम्पर्क सल्लाहकार देवेन्द्र पराजुली, सांसद माधव सापकोटा, जन्मदिनमा वृक्षरोपण अभियान नेपालका सल्लाहकारद्वय होम बहादुर वि.क र ज्ञानशाली पन्त, अभियानका काठमाडौं उपत्यका सहसंयोजक साजन कुँवर, नेकपा माओवादी लमजुङ-काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष अर्जुन मगराती, महासचिव देव गुरुङका स्वकीय सचिव नवराज थापा, पर्यटन व्यावसायी एबं सामाजिक अभियन्ता नवराज घिमिरे, सांस्कृतिक संघका सर्मिला बोहोरा, लगायत उपस्थिति रहेको थियो ।

लमजुङबाट शुरु भएको यस अभियान हाल विश्वव्यापी बन्दै गएको छ । जन्मदिनमा वृक्षरोपण अभियान प्रकृति संरक्षण, स्वच्छ वातावरण, सभ्य संस्कारसहितको असल मानव बन्न प्रोत्साहनको मूल उद्देश्य परिकल्पना गरेर सुरुवात भएको हो । यसका परिकल्पनाकार लमजुङ जिल्ला बेसीशहर-११, रामचोकबेसीका बासुदेव सेढाई हुन् । आफ्नो जन्मदिनको अवसरमा २०७५ साल मंसिर २९ गते लमजुङको बेसीशहरमा बिरुवा रोपेर जन्मदिन मनाउँदै सेढाईले नयाँ पवित्र र सन्देशमुलक अभियानको सुरुवात गरेका थिए ।

# जलवायु परिवर्तनको असर हिमालमा धेरै



**गण्डकी/मस-** गण्डकी प्रदेशका आर्थिक मामिला मन्त्री जितबहादुर आलेमगरले जलवायु परिवर्तनको असर हिमाललाई परेको बताएका छन् ।

अन्तर्राष्ट्रिय पर्वतीय दिवसका अवसरमा नेपाल पर्वतारोहण संघद्वारा आयोजित आठौं पर्वतीय महोत्सवको समापन समारोहमा उनले नेपालको परिचय नै हिमालसँग जोडिएको र जलवायु परिवर्तनको प्रत्यक्ष असर हिमाली क्षेत्रमा परिरहेको बताए। जलवायु परिवर्तनमा नेपालको दोष नभए पनि त्यसको प्रतिकूलताको असर भोग्नुपरेको उल्लेख गर्दै उनले हिमाल र हिमाली संस्कृति जोगाउनुपर्नेमा जोड दिए ।

हिमाल हाम्रा सम्पत्ति भएको चर्चा गर्दै मन्त्री आलेमगरले हिमालले नै नेपाललाई विश्वमाझ चिनाएको बताए । नेपाल पर्वतारोहण संघका वरिष्ठ उपाध्यक्ष ठाकुरराज पाण्डेले नेपालमा पर्वतीय पर्यटन बढाउन र त्यसको महत्व बुझाउन महोत्सव आयोजना गरिएको बताए । हिमाल र पदयात्राका लागि मुख्य प्रवेशद्वार बनाउन महोत्सव गरिएको उनले बताए ।

नेपाल पर्वतारोहण संघका प्रमुख कार्यकारी अधिकृत तथा महोत्सवका संयोजक जिनेश सिन्दुराकारले पोखरास्थित पर्वतीय संग्रहालयमा वर्षेनी महोत्सवसँगै वार्षिक क्यालेन्डर नै बनाएर कार्यक्रम बनाएर लैजाने योजना रहेको जानकारी गराए ।

महोत्सवका सहसंयोजक शेषकान्त शर्माले पर्वतीय महोत्सवलाई पर्वतीय जीवनशैलीबारे बुझ्ने ज्ञानको महोत्सवका रुपमा अगाडि बढाइएको बताए । शुक्रबारदेखि पाँच दिन चलेको महोत्सवमा पर्वतीय जनजीवन र आरोहीका डकुमेन्ट्री प्रदर्शनीदेखि जलवायु परिवर्तनको असर लगायतका विषयमा बहस गरिएको थियो। उक्त अवसरमा पर्वतारोहण र पर्वतीय जनजीवनबारे वृत्तचित्रसहित कीर्तिमानी आरोहीको तस्बिर प्रदर्शनी गरिएको थियो । महोत्सव १० हजार जनाले अवलोकन गरेको संग्राहालयकी प्रमुख कार्यकारी अधिकृत निर्मला न्यौपानेले जानकारी दिइन।महोत्सवमा छेलो प्रतियोगिता, जिपलाइन, दोहोरी गीत आदि कार्यक्रम पनि सञ्चालन गरिएको उनको भनाइ छ।

# सोह्र दिने अभियानमा ६२ हिंसाका घटना



**काठमाडौं/मस-**लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा ६२ वटा महिला तथा बालिकाविरूद्ध हिंसात्मक घटना भएको पाइएको छ ।

अनौपचारिक सेवा केन्द्र (इन्सेक)ले सार्वजनिक गरेको प्रतिवेदनमा बाल अधिकारसम्बन्धी १९, महिला अधिकारसम्बन्धी ३९ र चारवटा हत्याका घटना भएको जनाइएको हो । बालअधिकारमा १३ बलत्कार, चार यौन दुर्व्यवहार, दुई बेचबिखनका रहेका छन् ।

यस्तै महिला अधिकारमा सात वटा बेचबिखनको प्रयास, पाँच बालत्कार, १३ घरेलु हिंसा, एक यौन दुर्व्यवहार, पाँच बेचबिखनका घटना अनुगमनका क्रममा पाइएको इन्सेकका अध्यक्ष डा.कुन्दन अर्यालले सार्वजनिक गर्नुभएको विज्ञप्तिमा जनाइएको छ । सबैभन्दा बढी हिंसाका घटना मधेश प्रदेशमा २६ वटा रहेको छ । त्यसपपछि बागमती प्रदेशमा १२, लुम्बिनी प्रदेशमा ११, गण्डकीमा पाँच, कोशीमा चार, कर्णाली र सुदूरपश्चिममा दुई दुई वटा पाइएको जनाइएको छ ।

नेपालमा यही मङ्सिर ९ गतेदेखि मङ्सिर २४ गतेसम्म (नोभेम्बर २५ देखि डिसेम्बर १०) ‘लैङ्गिक हिंसा अन्त्यको सुनिश्चिताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता’ भन्ने नाराका महिला हिंसाविरुद्धको १६ दिने अभियान मनाइएको थियो । नेपालमा यस अभियानको थालनी सन २००४ देखि गरिएको हो ।

महिला तथा बालिकाविरूद्ध भएका हिंसात्मक घटनाका आधारमा प्रतिवेदन तयार पारेको इन्सेकले नेपालमा महिलामाथिको हिंसा विगतका वर्षमा भन्दा कम हुँदै आए पनि सन्तोषजनक नभएको जनाएको छ ।

**पुरुष पनि घरेलु हिंसामा**

बाँकेमा पुरुष पनि घरेलु हिंसामा परेको जनाउँदै न्यायका लागि प्रहरी कार्यालयमा उजुरी दिन पुगेका छन् । चालु आर्थिक वर्षको साउनदेखि हालसम्म ४० जना पुरुषले न्यायका लागि उजुरी दिएको जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख प्रहरी निरीक्षक महेश्वरी विष्टले जानकारी दिए ।

उनका अनुसार पुरुषको तर्फबाट पनि हिंसामा परेको उजुरी आइरहेका छन् । तर पुरुषले दिने उजुरीको तुलनामा महिलाको संख्या अत्यधिक छ । ‘अधिकांश हिंसामा परेको उजुरी महिलाको तर्फबाट आउने गरेका छन्’, प्रहरी निरीक्षक विष्टले भने, ‘कतिपय अवस्थामा पुरुषको तर्फबाट पनि उजुरी आइरहेका छन्, हामीले आवश्यक कारबाही गरिरहेका छौं ।’

जिल्ला प्रहरी कार्यालय बाँकेको तथ्यांकअनुसार बाँकेमा पछिल्लो तीन वर्षमा घरेलु हिंसाका दुई हजार सात सय ५० वटा उजुरी दर्ता भएका छन् । अधिकांश घटनामा महिला पीडित रहेका छन् । अहिले पुरुषले समेत आफूमाथि हिंसा भएको भन्दै उजुरी दिन थालेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाँकेमा आव २०७७/७८ मा सात सय ३८, २०७८/७९ मा आठ सय ८९, २०७९/८० मा आठ सय ८५ र चालु आवको साउनदेखि हालसम्म घरेलु हिंसामा परेको जनाउँदै तीन सय ३२ वटा उजुरी परेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायब उपरीक्षक नारायण डाँगीले हिंसामा परेको भन्दै उजुरी दिने महिलामा बयान फिर्ता गरी उजुरी फिर्ता हुने प्रवृत्ति पनि देखिएको बताए ।

# ‘सुशासन र समृद्धि सहितको परिवर्तन उत्तम विकल्प’



**काठमाडौं/मस-**राप्रपा नेपालले मुलुकमा देखिएका समस्या समाधानका निम्ति संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र, हिन्दूराष्ट्र नै आजको उपयुक्त विकल्प भएको निष्कर्ष निकालेको छ । अध्यक्ष कमल थापाको अध्यक्षतामा मंगलबार बसेको पार्टीको केन्द्रीय कार्यसमिति बैठकले सुशासन र समृद्धिसहितको परिवर्तन नै आजको आवश्यकता रहेको ठहर गरेको हो ।

बैठकले एनसेल खरिदबिक्री सम्बन्धमा सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाही गर्न सरकारको ध्यानाकर्षणसमेत गराएको छ। यसैगरी राष्ट्र निर्माणका लागि उपयुक्त वैकल्पिक विचार र मार्गचित्र जनसमक्ष प्रस्तुत गरिने पार्टीका प्रवक्ता वसन्तमान सिंह अधिकारीले जानकारी दिए ।

मार्गचित्रमा जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, प्रतिनिधिसभालागि प्रत्यक्ष निर्वाचित तथा राष्ट्रियसभाका लागि समानुपातिक निर्वाचन प्रणाली, समावेशी तथा समानुपातिक प्रतिनिधित्व, उदार आर्थिक व्यवस्था र केन्द्र तथा स्थानीय गरी दुई तहको राज्य संरचना हुनुपर्ने उल्लेख छ ।

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।

WANTED
Documentation -1No. (M/F)
Requirements: At least 2-4 years of working experience in related Field as well as Familiarity with design software and technologies (such as Illustrator, Photoshop) and can create creative design.
Salary Rs.20,000- 30,000 for deserving Candidates
Winner H.R. Solution Pvt.Ltd.
Gov Lic 1537/078/079
Opposite Side of Bhatbhateni Tvs Showroom 3rd Floor
Tel: 01-5911104, 9808182308, 9845398895,9851026746
Email: winnerhrsolution2078@gmail.com

Vacancy Annoucement
One of the Reputed Manpower Agency in Kathmandu is seeking for following applicants.
Public Relation Officer : 2 ( Male/ Female)
Requirements:
Minimum 2 Years of Experienced in Manpower fields.
Minimum Bachelor's Degree Passed.
Documentation : 2 ( Male/ Female)
Requirements:
Must have good knowledge of Ms Word, Excel & Photoshop.
Minimum Bachelor's Degree Passed.
Drop your CV on : dhurbanararyan@gmail.com
Attractice salary for the deserving candidate.
Contact No: 9814363386

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/०४ मा दर्ता भएको **प्रा.लि. नं. २६८५५७** को **हिमालयन समिट इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०८०/०८/२० गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२७ मंसिर २०८०, बुधबार
13 December 2023, Wednesday

## सम्पादकीय

# भू-राजनीतिक भय

दक्षिणी छिमेकी भारत र अर्को ठूलो शक्ति राष्ट्र अमेरिकामा आमचुनाव नजिकिएको छ । यी दुई मुलुकको चुनावलाई लिएर नेपालमा अनेक राजनीतिक टिप्पणी हुन थालेको छ । विशेषगरी अमेरिकामा अहिलेकै संस्थापन दोहोरिने र भारतमा पनि भारतीय जनता पार्टी (बिजेपी) ले जित्दा वा हार्दा नेपालमा पर्न सक्ने असरबारे व्याख्या गरिदैछ । विशेषगरी भारतमा अहिलेकै संस्थापन बलियो देखिनुलाई चासोका साथ हेरिएको छ । किनकि भर्खरै मतदान भएको मध्य प्रदेश, राजस्थान, छत्तिसगढ जस्ता महत्वपूर्ण प्रदेशमा विजेपीले जितेको छ । अरू प्रदेशमा पनि विजेपीको प्रभाव राम्रो देखिन इन्डियन राष्ट्रिय कंग्रेसले यसपटक पनि नजित्ने अड्कलबाजी भइरहेको छ । तर चुनावी नतिजापछि नै विजेपी वा कंग्रेस कसले भारतको नेतृत्व लिन्छ भन्ने निर्धारण हुनेछ ।

यद्यपि त्यसको असरलाई लिएर मुलुकको राजनीतिक नेतृत्वले समेत धारणा बनाएको देखिन्छ । कुटनीतिका जानकार एवं नेपाल-भारत सम्बन्धमा दख्खल राख्नेहरूले विजेपीको संभावित जितलाई लिएर नेपालको राजनीतिबारे टिप्पणी गर्न थालेको छन् । वितेका केही वर्षमा देखिएको भू-राजनीतिक घटनाक्रमले अमेरिका र भारतको चुनावी परिणामप्रति चासो स्वभाविक देखिन्छ । किनभने नेपालको संविधानप्रति असन्तुष्ट भारतीय संस्थापनले लगातार असहयोगको नीति लिएको देखिन्छ । संविधान जारी भएपछि ६ महिनासम्म नाकाबन्दीमै उत्रिएको भारतले एकपछि अर्को बलमिच्याइ गरिरहेको छ । कतिसम्म भने सन् २०२० मा नेपालको भूमि समेत समेटेर प्रशासनिक नक्सा जारी गऱ्यो । त्यसको काउण्टरमा नेपालले पनि लिम्पियाधुरा समेत राखेर नयाँ नक्सा जारी गरेको छ । यसरी बिग्रिएको सम्बन्ध अहिले अनुभूत हुनेगरी सुधार हुन सकेको छैन ।

अमेरिकासँग पनि उस्तै संघर्ष चलिरहेको छ । विशेषगरी अमेरिकी सहायता परियोजना एमसीसीलाई लिएर नेपालको राजनीति नराम्रोसँग उतारचढाब हुन पुगेको थियो । उत्तरी छिमेक चीनले एमसीसीलाई चुनौति दिनेगरी बीआरआई ल्याएको छ । दुवैले आफ्नो परियोजना लिने र अर्कोलाई अस्वीकार गर्न दबाव दिदा नेपालको राजनीति प्रभावित हुन पुगेको छ । यी घटनाक्रमले गर्दा अमेरिका र भारतको संस्थापन परिवर्तनलाई चासोका साथ हेरिएको पाइन्छ । तर यो कुटनैतिक र राजनीतिक कुरा होइन । नेपालले आफ्नो असंलग्न नीतिमा रहेर कुटनैतिक सम्बन्ध सबैसँग समान रूपमा विकास गर्न आवश्यक छ । बाँकी रह्यो, नेपालको राजनीतिक सत्ताको विषय । मुलुकको राजनीतिक सत्ता अन्तर्राष्ट्रिय चासोका आधारमा नभएर जनताको जनादेश र संविधानका आधारमा निर्माण हुनुपर्छ । अनावश्यक भू-राजनीतिक हस्तक्षेप निम्त्याउनेगरी कसैले सोच्न हुन्न ।

# भ्रष्ट पुँजीवादको प्रभाव

अग्रलेख



● मेघराज भट्टराई

पञ्चायती व्यवस्थामा कहीँ कतै घुस खाएको कुरा सुन्न बीबीसी नेपाली सेवा सुन्नु पर्थ्यो । कहीँ सुनियो भने धेरै ठूलो विषय भने बन्ने गरेको थिएन । तर, यसको मतलब भ्रष्टाचार थिएन भन्ने चाहीँ खोजिएको होइन । २०४६ सालपछि देशमा प्रजातन्त्र आयो । जनतामा अब केही नयाँ व्यवस्थाले जनजीवनमा सहजीकरण होला भन्ने आशा थियो । तर, त्यो सरकार पूर्णरूपमा जनइच्छाविरूद्ध निजीकरणको बाटोमा हिँड्यो । उद्योग तथा कलकारखाना व्यक्तिलाई बेचियो । किन्ने वाला भारतीय मुलका मारवाडीहरू थिए । किन की पैसा उनीहरूसँग थियो ।

यो पुँजीवादी व्यवस्थामा जसले पैसा लगाउँछ, उसैले नाफा कमाउँछ । नेपालमा यसको ठीक उल्टो भयो । उद्योगमा आफ्ना कार्यकर्ता भर्ती गरेर हड्ताल गर्ने उद्योग सुचारू हुन नदिने काम यहीँको सरकारको निर्देशनमा हुन थाल्यो । यसको पछाडिको कारण हो यहाँको उत्पादन बन्द गराएर बाह्य उत्पादनको बजार नेपाललाई बनाउनु थियो । जब की नेपाली कांग्रेसको मूल नारा सिद्धान्त बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र प्रजातान्त्रिक समाजवाद हो । यसको लागि हरेक नागरिकलाई उत्पादनमा लगाउन योजना बनाउनु पर्थ्यो । राज्यले भएका उद्योग चलाउँदै यसभित्रका अनियमितता हटाउनु र नयाँ-नयाँ उद्योग खोल्नुपर्थ्यो । यहाँका नागरिकको लागि यहीँ देशमा बस्ने, यहीँ पसिना बगाएर राष्ट्रको उन्नति प्रगतिमा नागरिकको गौरव बढाउनु पर्थ्यो ।

तर, केही नेताको व्यक्तिगत जीवन सुधार्ने, भारतीय सरकारसँग मोटो कमीशन खाँदै एकपछि एक ठूला-ठूला भ्रष्टाचार गर्दै गए । प्रजातन्त्र प्राप्तिपछि नेपाली कांग्रेसको सरकारले धमीजा काण्ड, लाउडा काण्ड, पजेरो काण्ड, सांसद खरिद-बिक्री, पुरुष सांसदले सुत्केरी भत्ता काण्ड, सांसद अपहरण काण्डदेखि आफ्नो बहुमतको सरकार ढाल्ने काम २०४८ देखि ०५६ सालसम्म गर्न भ्याएका थिए ।

२०६२-०६३ सालमा भएको १२ बुँदे दिल्ली सम्झौतापछि देशमा अब त अवश्य जनजीवनमा परिवर्तन हुनेछ, किनकी १० वर्षको जनयुद्धबाट आएको शक्ति यो देश बदल्न आएको छ भन्ने भ्रममा नेपाली जनता थिए । यहाँका सर्वसाधारण जनता मात्र होइन, यहाँका बौद्धिक वर्गसम्मले यो देशमा दुई प्रकार दर्जाको नागरिकको सिस्टम हट्नेछ भन्ने भ्रम पालेका थिए । तर, ती जनताको हरेक सपना एक/एक गर्दै चकनाचूर भयो । यिनीहरू त कांग्रेस र एमालेभन्दा ठूला भ्रष्ट बन्न थाले । जग्गा प्लाटिङ्ग गरेर भूमाफियाको रूप लिए । खेति योग्य जमिन सके, रक्त चन्दन, सुन तस्कर, टेलिकम, विद्युत प्राधिकरण, वायुसेवा निगम, आयल निगम, खाद्य संस्थान, स्कूल कलेज, शिक्षा, स्वास्थ्य, धर्म संस्कार, संस्कृति, भेषभूषा सबै एक/एक गरी प्रयोगमा ल्याए । यसको लागि यूएसआईडी जस्ता आईएनजीओबाट पैसा खाए ।

जनतामा यस्तो भ्रम सिर्जना गरियो की नेपाली भाषा पाखेहरूको भाषा हो, अंग्रेजी भाषा उत्कृष्ट हो । नेपाली पहिरन राम्रो होइन, छैन, त्यसैले, टाई सूटमा हिँड्न थालियो । नेपाली पहिचान बन्न हरेक जातजाती भाषाभाषीको पहिचान चाहिन्छ । तन्तु मिलेर शरीर बने झैँ सम्पूर्ण हिमाल, पहाड, तराई मिलेर सिंगो नेपाल बन्छ । ठीक यसैगरी देश निर्माण हुन्छ ।

तर, हामीलाई जातजातीको नाममा विभाजित गरियो । यसमा




*नाममा व्यवस्था बदलियो तर, आम जनताको अवस्था बदलिएन । राज्यको संरचना थप भ्रष्टीकरण हुँदै गयो । देखिँदा आवरणमा केही उत्कृष्ट देखिएपनि भित्रिरूपमा व्यवस्था थप कुरूप बन्यो । आज मुलुकको अवस्था जुनसुकै बेला बिघटन हुनसक्ने स्थितिमा छ । राज्य संरचनाका अवयवहरू अनियन्त्रित बनिसकेका छन् ।*

यूरोपियन यूनियनको पैसाले काम गरेको छ । यो देशको शिक्षा आदर्शवादी मात्र होइन, वैज्ञानिक थियो । प्रयोगात्मक शिक्षा हुन्थ्यो, पाक शिक्षा थियो, कृषि कसरी गर्नुपर्छ भन्ने कुरा हामीलाई स्कूलमा सिकाउँथे । नैतिक शिक्षाले मानिसलाई भ्रष्ट हुनबाट सत्प्रतिशत नहोला तर, ९० प्रतिशत मानिस बनाएको थियो । यो सब सक्नेमा एमाले पहिलो पार्टी बन्यो, आइएनजीओका सदस्य एमालेका सदस्य बनेका छन् । निजी स्कुल एमालेका बढी छन्, त्यसपछि कांग्रेस अनि माओवादीका छन् । आज शिक्षा र स्वास्थ्यको नाममा धन्दा (व्यवसाय) भएको छ । योभन्दा ठूलो भ्रष्टाचार अरु के होला ? नागरिकलाई उदण्ड अराजक बनाउने मानसिक रोगी बनाउने धन्दा चलाइएको छ ।

पछिल्लो कालखण्ड यानी नेपालमा लोकतान्त्रिक गणतन्त्र आएपछि बिना कुनै कार्ययोजना जग्गाको खण्डीकरण गरियो । केही सीमित व्यक्ति खरबपति भए भने बाँकी अधिकांश नेपाली सुकुम्बासी बने । खोला, नदी सके । वन जंगल सके । वाइड बोडी, न्यारो बोडी काण्ड मात्रै होइन, ओम्नी काण्ड, बालुवाटार काण्ड, गिरिबन्धु टी स्टेट काण्ड, भुटानी शरणार्थी काण्ड, सुन काण्ड, एनसेल काण्ड, यो सब काण्डको पछाडि सरकार र उसैका सहयोगीकै हात छ । बनमा काठ कुहेको छ, त्यो बेचेर राष्ट्रिय पुँजी बढाउनु कहाँ हो कहाँ, विदेशबाट कमीशन खाँदै फर्निचर ल्याइँदै छ । नेपालको तरकारी फालेर भारतबाट विषादीयुक्त तरकारी तथा फलफूल ल्याउन मोटो रकम बुझिएको छ । यहाँका खेत बारी बाँझो राखेर भारतीयको मुख ताक्ने स्थिति सिर्जना गरिएको छ ।

आज यहाँको पहाडका गाउँ बस्ती अन्धकार छन् । कयौं बस्तिमा वत्ती पुगेको छैन । तर, विद्युत प्राधिकरण भन्छन्, भारतमा बिजुली निर्यात गरेर आम्दानी भएको छ । हामी यसलाई बढाइचढाइ खुसी मानिरहेका छौं । तर, यो अपराधको पनि महाअपराध हो । आज त्रिभुवन विश्वविद्यालयअन्तर्गतका कलेजमा कोटा सिस्टम बनाएका छौं । पढ्न चाहनेले पढ्न पाउने अवस्था छैन । तर, हामी विदेश पढ्न पठाउने सन्दर्भमा उत्साहित छौं । अबको केही वर्ष यो देशमा डाक्टर, इन्जिनियर, विज्ञ, नर्स, शिक्षक कोही हुने छैन । यही अवस्था रहेमा हामी जंगली युगमा फर्किन लागे जस्तो दृश्य छ ।

यो सबै भ्रष्टाचारले गरेको हो । इमान्दार राजनीतिज्ञ भए पनि यहाँको कर्मचारीतन्त्र भ्रष्ट छ । उनीहरू बिना घुस केही काम नै गर्दैनन् । हामीले उपरी संरचना बदल्यौं, हाम्रो देशको जग नै मक्किएको छ । यसलाई हामीले परिवर्तन गर्नुपर्दछ । यसको बिकल्प नै छैन । हामीले नयाँ घर बनाउँदा जग पनि नयाँ तरिकाले हाल्नुपर्छ । सुधार गर्नुपर्ने धेरै कुरा छन्, यत्ति कै सुध्रिनेवाला पनि छैन । यसैले देशको राजनीतिक नेतृत्वले देशको माटो सुहाउँदो नीति थितिअनुसार आमुल परिवर्तन नै गर्नुपर्छ ।

दलाल पुँजीवादी व्यवस्थाले जनता लुट्न बिलासिताका नयाँ-नयाँ सामान, बस्ती-बस्ती सुगम रफ्तारमा पठाउँछ तर, यो देशलाई चाहिने कृषि औजार, कृषिमल खाद्य, बीउ, औषधी केही पठाउँदैन । यो दलाल पुँजीवादी व्यवस्थाको योजनाकार विश्व साम्राज्यवादी मुलुकहरू हुन् । यसलाई पाखा नपन्छाई मुलुक बन्दैन । नाममा व्यवस्था बदलियो तर, आम जनताको अवस्था बदलिएन । राज्यको संरचना थप भ्रष्टीकरण हुँदै गयो । देखिँदा आवरणमा केही उत्कृष्ट देखिएपनि भित्रिरूपमा व्यवस्था थप कुरूप बन्यो । आज मुलुकको अवस्था जुनसुकै बेला बिघटन हुनसक्ने स्थितिमा छ । राज्य संरचनाका अवयवहरू अनियन्त्रित बनिसकेका छन् ।

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

युक्रेन युद्धमा अमेरिकी उक्साटका कारण युक्रेनले शताब्दियौंपछि पनि पूर्ति हुन नसक्ने मानवीय, भौतिक र आर्थिक क्षति व्यहोर्दा पनि अझै युद्ध अन्त्य हुने देखिँदैन । इजरायल हमास युद्धमा पनि अमेरिका युद्ध विराम र शान्ति हैन युद्ध भड्काएर हतियारको व्यापार गर्न नरसंहार मच्चाउन चाहन्छ ।



**- किशोर नेपाल**

राजनीतिक दलका नेताहरू ठूला शक्तिको चर्चा गर्छन् । मन्त्री सुदन राईले भनेका छन्- नेवानि डुबाउन ठूला शक्ति लागेका छन् । यी ठूला शक्ति को हुन् ? यो गणतन्त्रमा पनि उनीहरु कसरी हावी छन् ? किरातीजस्ता नेताले खुलस्त बोल्नुपऱ्यो । खाली भाषण गरेर के हुन्छ ?



**- निर्मल प्रसाईं**

अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, अन्तर्राष्ट्रिय श्रमिक दिवस, अन्तर्राष्ट्रिय मजदुर दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, अन्तर्राष्ट्रिय सहकारी दिवस, अन्तर्राष्ट्रिय साक्षरता दिवसलगायतहरुको काम र उपलब्धि के होला ? यसले जमिनमा के फरकपन ल्यायो ? केवल भत्ता पचाउने र कार्यकर्ता पोस्ने थलो ।



**- च्वयन घिमिरे**

नेता, तिनका पिए अझ हनुमानका समेत दैलो ढुकेर जागिर र छात्रवृत्ति पड्काउने अनि उपयोग सकिएपछि तिनैलाई सामाजिक सञ्जालमा तथानाम गाली गर्दै अर्को समूह वा दलको नेता ढुक्ने कथित अवसरवादी बुद्धिजीवीहरूको ढोंग नै अलग । यिनले आफ्नोबारे कसैलाई थाहा छैन भनेर सोच्छन् की लाज पचाएरै छाती चौडा पार्छन् ।

## तपाईंको राशिफल

मेष : स्वास्थ्य राम्रो रहनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ ।

वृष : आजको दिन धेरै शुभ छ । स्वास्थ्य राम्रो रहनेछ ।

मिथुन : मनोरञ्जनमा वृद्धि हुनेछ । सन्तुलित भोजन गर्नु राम्रो हुन्छ ।

कर्कट : सामाजिक जीवन सुखी रहनेछ । अनावश्यक कार्यमा ध्यान लगाउन हुँदैन ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादको योग छ ।

कन्या : पैतृक सम्पत्ति प्राप्त हुनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।

तुला : सामाजिक सहयोग बढ्नेछ । सम्मानमा वृद्धि हुनेछ ।


वृश्चिक : साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहनेछ ।

धनु : सबै कार्यमा सावधानी र धैर्य राख्नुपर्छ । सफलता मिल्ने योग छ ।

मकर : हतारमा कुनै निर्णय नलिनु होला । स्वास्थ्य सामान्य रहनेछ ।

कुम्भ : व्यापारिक कार्यमा लाभ हुनेछ । आहारमा ध्यान दिनुहोला ।


मीन : नयाँ कार्य बन्ने योग छ । सम्बन्धहरुमा दुरी बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपाली कम्युनिष्ट आन्दोलनको बाटो

विचार



● लेखराज रेग्मी

*यतिबेला नेपालका कम्युनिष्ट पार्टीहरूको समग्र स्थिति हेर्दा जनाधार, जनसमर्थन र जनसहभागिताको स्थिति हेर्दा 'क्रान्तिकारी कम्युनिष्ट धारा' अत्यन्त संकुचनको स्थिति व्यहोरिरहेको देखिन्छ । यसका अन्य कारणहरू अवश्य छन् तर पनि लागि पर्दा जनाधार बन्दैन भन्ने होइन । हामी कम्युनिष्ट पार्टी भन्न लायक पार्टी संरचना, नमुना आदर्श र गतिशिलता प्राप्त गर्न सक्नुपर्छ, यो हाम्रो ठूलो चुनौति हो ।*

देशको वस्तुगत स्थितिबारे जुन आक्रोश र छटपटी देखिएको छ, यसलाई सकारात्मकरूपमा लिनुपर्ने हुन्छ । आज कसैले पनि विषय उठान गर्ने इच्छा चाहना र शाहस गरिरहेका छैनन् । देश र जनताको जीवनस्तर सामान्य सुधारवादी आन्दोलनले दिने सकारात्मक सन्देशभन्दा पनि कमजोर हुनु र निरन्तर ओरालो लाग्दै गर्नुले देश यही स्थितिमा रहन सक्ने सम्भावना क्षीण बन्दै गएको प्रष्ट पार्छ । कुनै कारणले देश मध्यावधिमा गयो भने अपव्ययको भार बहन नहुने स्थिति छ, यदि यसै मेसोको गठबन्धन कायम रह्यो र नेतृत्व मात्रै फेरियो भने पनि ओरालोको गती झनै बेगवान बन्ने देखिन्छ ।

गठबन्धन फेरियो र आर्थिक सामाजिक बिघटनको दिशा फेरियो भने कस्तो शक्ति सन्तुलन देश जनता र आन्दोलनको पक्षमा बन्न सक्ला ? सायद पछिल्लो प्रश्नको उत्तर अहिले नै दिइहाल्ने स्थिति छैन तर, आन्दोलनको अगुवाइ गर्ने राजनैतिक नेतृत्वले आकंलन गर्न सक्दैन भन्नै मिल्दैन । मौनता स्वभाविक रिजर्भेसन हो कि विषय प्रवेशको अनिच्छा ?

आज बाह्य परिस्थितिको आकंलनमा मध्यपूर्व तनाव पछिल्लो विकसित स्थिति हो र यसले केही सन्देश छोडिरहेको छ । ताइवान र कोरिया द्वन्द्व हेर्दा कतिबेला बिष्फोट हुने हो भन्नै नसकिने स्थिति छ । युक्रेनको सम्प्रभुताको वारेस जेलेन्स्की होइन प्रष्ट छ र यो दोस्रो विश्वयुद्धको क्रममा सोभियत सेनाको युद्धको(क्रान्तिको) निर्यातको स्थिति पनि होइन । तर, चारैतिरबाट घेरेर सिध्याउन थालेको स्थितिमा रुसको प्रतिवादलाई नकारात्मकरूपमै लिइहाल्ने स्थिति छैन । चीन नयाँ शक्ति राष्ट्रको रूपमा उदीयमान छ । तर, नेपाली राज्यसत्ता चीनलाई चिढ्याउने हदसम्म भारत र अमेरिका परस्त बन्दै गएको छ । कतिपय आन्तरिक घटनाक्रमलाई हेर्दा सरकार आफै राजनीतिक सत्ता होइन भन्ने लाग्छ ।

यी सबै स्थितिले या त चमत्कारिक सत्ता परिवर्तनको दिशामा गृहकार्य आवश्यक छन् वा देश राष्ट्रिय प्रतिरोध आन्दोलनको लामो र कष्टकर बाटोतिर धकेलिँदैछ । थोरै यो प्रसङ्गलाई पनि ठाउँ दिनुपर्ने हुन्छ होला भन्ने लागेको छ ।

तर यी दुवै दिशा, हठात् सत्ता परिवर्तन वा राष्ट्रिय प्रतिरोध आन्दोलनमा अगाडि बढ्न आवश्यक न्यूनतम तयारीबारे २०६३ पछि न प्रयत्न भएका छन्, न त बहस नै मुखरित भएको स्थिति छ । अर्कोतिर तार्किक सहमति र सहकार्यको आधारमा जनपक्षीय वा देशभक्तिपूर्ण कुनै साना ठूला संघर्षका प्रभावकारी अभ्यास नै भइरहेको छैन । यो बर्फिलो चट्टान फुटाउने गरी कुनै संकेत नभइरहेको बेला चौथो महाधिवेशनको "देशभक्त जनतान्त्रिक शक्तिहरूको सरकार"को कार्यनैतिक नारा जस्तै प्रचारात्मक स्थितिभन्दा अगाडि बढ्न नसकिने स्थिति पो हुने होकी ? प्रश्न उठाउने ठाउँ छोडेको महसुस भैरहेको छ ।

यतिबेला नेपालका कम्युनिष्ट पार्टीहरूको समग्र स्थिति हेर्दा जनाधार, जनसमर्थन र जनसहभागिताको स्थिति हेर्दा 'क्रान्तिकारी कम्युनिष्ट धारा' अत्यन्त संकुचनको स्थिति व्यहोरिरहेको छ । यसका अन्य कारणहरू अवश्य छन् तर, पनि लागि पर्दा जनाधार बन्दैन भन्ने होइन । हामी कम्युनिष्ट पार्टी भन्न लायक पार्टी संरचना, नमुना आदर्श र गतिशिलता प्राप्त गर्न सक्नुपर्छ, यो हाम्रो ठूलो चुनौति हो । कमसेकम आफूलाई क्रान्तिकारी भन्ने कम्युनिष्ट सदस्य र ट्रेडमार्कवादीहरूको आचरण व्यवहारलगायत जनताले फरक देख्न सक्ने स्थिति बन्नु आवश्यक छ । तदनुरूप दृष्टिकोणको समर्पण र जुझारूपनको विकास जस्ता आत्मिक तत्वको पनि विकास देखिनुपर्दोरहेछ ।

हामी आम जनताको पीडाको कुरा गरिरहेका छौं । देशमाथिको संकटको कुरा गरिरहेका छौं । यस्तो व्याप्त संकटको विरुद्ध व्यापक विषद् र समाजका अत्याधिक चिन्तित र चिन्तनशीलहरू सबैलाई अपील गर्ने, कमसेकम एकहदसम्म सहमत गराउने र सहकार्यका ढोका खोलेर सहकार्यको लागि तयार हुने र गर्ने लगन त्याग र लचिलोपन नेपाली कम्युनिष्ट आन्दोलनमा पंक्तिकारले कहिल्यै पनि अनुभूति गर्न पाएको छैन । यस्तो भनिरहँदा चौथो महाधिवेशन पूर्वको स्थिति नभोगिएको पंक्तिकारको सीमालाई लुकाउन पनि आवश्यक छैन ।

# विद्यालयलाई दश रोपनी जग्गा दान



**म्याग्दी/मस**–लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनका दश दाजुभाइले मंगलबार म्याग्दीको एक विद्यालयलाई करिब दश रोपनी जग्गा दान रेका छन्।

शेरचनका दश जना दाजुभाइले आफ्नो जन्मथलो म्याग्दीको मालिका गाउँपालिका–४ मा रहेको ओखरबोट माविलाई नौ रोपनी तीन आना तीन दाम दुई पैसा क्षेत्रफलको जग्गा दान गरेका हुन्। नेपाल सरकारको मापदण्डअनुसार ४४ लाख ७७ हजार रुपैयाँमूल्य कायम भएको जग्गा निःशुल्क उपलब्ध गराएका शेरचन परिवारले थप तीन लाख ३५ हजार सात सय ७७ राजस्व र पाँच हजार लेखापढी व्यवसायीको शुल्क पनि आफैंले बेहोर्नुभएको ओखरबोट माविका प्र.अ. नवीन कार्कीले जानकारी दिए।

'मालपोत कार्यालय म्याग्दीबाट औपचारिकरुपमा विद्यालयको नाममा जग्गा प्राप्त भएको छ', उनले भने, 'बुधवार विद्यालयमा शेरचन परिवारलाई गाउँलेको तर्फबाट अभिनन्दन गर्ने कार्यक्रम छ।'

हाल विद्यालय रहेको ठाउँ पहिरोको जोखिममा परेपछि स्थानान्तरणका लागि शेरचन परिवारले जग्गा दान गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनक पुनले बताए। विद्यालयका संस्थापक स्व. उमादेवी शेरचनका श्रीमान् बडीबहादुर शेरचनका छोरा, छोरी तथा बुहारीहरुले सो जग्गा दान गरेका हुन्।

जग्गा दान गर्नेमा धनबहादुर/उषा शेरचन, स्व. ताराकुमार शेरचनकी श्रीमती जयाकुमारी शेरचन, अमिक शेरचन/शान्ति शेरचन, चित्रलाल शेरचन/तेजकुमारी शेरचन, खगेन्द्र शेरचन/मीना शेरचन, प्रान्ति शेरचन/विश्वप्रभा शेरचन, काजु शेरचन/धनकुमारी शेरचन, दीपेन्द्र शेरचन/फूलमाया (घर्ती) शेरचन, नवरत्न शेरचन/मीना शेरचन, गुप्तमा (दशरथ) शेरचन/नन्दकुमारी शेरचन र छोरी दर्पण (शेरचन) गौचन रहेका छन्।

वि.सं. २००८ मा स्थापना भएको यस विद्यालयमा दुई सय ११ विद्यार्थी छन्। विद्यालयमा कक्षा १० सम्म पठनपाठन हुने गरेको छ। जग्गादाता शेरचन परिवारको पुर्ख्यौली थलो ओखरबोट हो।

## गोपाल किराँती सहित पहिचानवादी नेताहरु पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २६ मंसिर



पूर्वमन्त्री गोपाल किरातीलगायत पहिचानवादीहरु खोटाङमा पक्राउ परेका छन्। पूर्वी जिल्लाहरुमा पहिचान पक्षधरहरुले कोशी प्रदेशको नाम खारेजीको माग राख्दै आन्दोलन गरिरहेका छन्।

**Morang, Koshi Province, Nepal**

**Date of Publication: 27th Mangsir, 2080**

1. The Jahada Rural Municipality invites sealed quotations from registered Suppliers for the Procurement of medicine.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Jahada Rural Municipality, Majhare, Morang or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder submitting their bid electronically may download the bidding documents for e- submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Information to deposit the cost of bidding document in Bank:

**Bid Document Price** : **Nrs. 1000/-**
**Name of the Bank** : **Machhapuchhre Bank Limited, Jahada Branch.**
**Name of the Office** : **Jahada Rural Municipality, Office of the Municipal Executive, Morang**
**Aantarik Rajaswa Khata no** : **0740069040900131**

4. Electronic bids must be submitted to the office Jahada Rural Municipality, Majhare, Morang through e-GP system www.bopatra.gov.np/egp on or before 12:00 pm on 12th Paush 2080. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 12th Paush 2080 at the office of Jahada Rural Municipality, Majhare, Morang. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or cash deposited voucher, which shall be valid for 30 days beyond the validity period of the bid. The bank account details for cash deposit is given by:

**Name of the Bank** : **Machhapuchhre Bank Limited, Jahada Branch.**
**Name of the Office** : **Jahada Rural Municipality, Office of the Municipal Executive, Morang**
**Dharauti Khata No.** : **0740069040900031**

6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Contract ID | Descriptions | Estimated Amount (Without VAT | Bid Document Cost Nrs. | Last Date of Bid Submission | Bid Opening date | Bid Security Amount NRs |
|---|---|---|---|---|---|---|---|
| 1. | JRM/GOODS /NCB/SQ/080/81/3 | Procurement of Medicine | 17,65,444.28 | 1000.00 | 12:00 PM on 2080/09/12 | 1:00 PM on 2080/09/12 | 48,500.00 |

**Chief Administrative Officer**



नेपाल सरकार
गृह मन्त्रालय
**कारागार ब्यवस्थापन विभाग**
**कारागार कार्यालय**
नख्खु, ललितपुर

**विद्युतीय ठेक्का (e–Bidding) आव्हानको सुचना प्रकाशन भएको जानकारी**

कारागार कार्यालय, नख्खु, ललितपुरको हाता भित्र बिभिन्न निर्माण तथा मर्मत सम्वन्धी कार्य गर्न विद्युतीय माध्यमबाट ( **e–Bidding** ) वोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको **Website https://www.bolpatra.gov.np/egp** मा मिति २०८०/०८/२६ मा प्रकाशन भएको व्यहोरा सरोकारवाला सबैमा जानकारीको लागि अनुरोध छ ।



**ओमनमा रोजगार**
कम्पनी: **ABDUL AZIZ AL-SAQRI FOR TRADING PROJECTS**
शहर: **Oman,Ruwi- Muttrah**

पूर्व स्वीकृत मितिः २०८०/०८/२६ चलानी नं.: ६०२११४०४ LT. No.: 296327

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Juice Maker | 15 | 0 | | 140 | ४८,५३१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ४ गते** (20 December 2023) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**लक्की ओभरसिज प्रा. लि.**
LUCKY OVERSEAS
धोविघाट-३, रिङ्गरोड, ललितपुर, नेपाल, फोन: ०१-५१५३०५५, ०१-५१५३०३३
E-mail: luckyoverseas1998@gmail.com, overseaslucky@gmail.com
Web.: luckyoverseas.com
श्रम इजाजत नं. १३८/०५५/०५६



**ZERO COST RECRUITMENT IN MALAYSIA!!**
**मलेशियामा शुन्य लागतको रोजगार !!**

**Free Visa, Free Ticket, Free Service Charge,Free Medical and Free transportation, (upon offering of job). निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच र निःशुल्क यातायात, (छनौट पस्चात)**

DOSHIN

(Company Name) : **DOSHIN RUBBER PRODUCTS (M) SDN.BHD. Malaysia, Jalan**
**रोजगारदाता कम्पनी** : दोषिन रबर प्रोडक्टस् (एम) एसडिएन. बिएचडी. मलेसिया, जलन

| पूर्व स्वीकृत मितिः २०७९/०६/२७ | चलानी नं.: ६०१८९२५७ | एल टी नं.: २७३१७८ | पुनः विज्ञापन |
|---|---|---|---|
| Pre Approval Date: 2022/10/13 | Consignment No.: 60189257 | L.T. No.: 273178 | Re-Advertisement |

| सि. नं S. N. | Post of Foreign Migrating Worker's कामदारको पद | Total No Of Demand माग संख्या Male पुरुष | Female महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब MYR रिङ्गिट | NPR ने.रु. | Over time ओभरटाइम सुबिधा | Working Hour Per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days Per Week हप्तामा काम गर्ने दिन | Annual Leaves बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker औद्योगिक कामदार | 20 २० | 0 | Proficient in reading, writing and speaking English दक्ष अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने | 1500 १५०० | 42,645 ४२,६४५ | As per the company rules कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rules कम्पनीको नियम अनुसार | No छैन | Yes छ | 2 Years दुई वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/ No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कस्ले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी व्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगार दाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

**Doshin Rubber Products (M) Sdn.bhd.** doesn't impose any Recruitment/Placement Fee for this employment.
दोषिन रबर प्रोडक्टस् (एम) एसडिएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागू गर्ने छैन ।

Note (नोट):
- आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
- Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
- प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।
- **Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.**

Final Interview will be conducted on 20 & 21 December 2023 in Kathmandu.
**फाइनल अन्तर्वार्ता मिति २०८० पुस ४ र ५ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** Information provided by the Department of Foreign Employment(DOFE) :- **१.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्।** 1.Confirm that visa is issued under your name **२.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।** 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble **३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्।** 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement **४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ ।** 4.Before going abroad orientation or induction training should be attended compulsorily **५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला।** 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same **६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ।** 6.While going abroad use International Airport of Nepal or else you might be deceived **७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।** 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal

Fair Connect Resource Pvt.ltd. is committed to abide laws and principle guidelines of "ZERO COST " and "ETHICAL SOURCING/RECRUITMENT" providing equal opportunities treating fairly with the dignity in transparent way.
**फेयर कनेक्ट रिसोर्स प्रा.लि. ले "शून्य लागत" र "नैतिक स्रोत र भर्ती" को कानुनी सिदान्तलाई पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्ध छ ।**

**बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल** agencyfcr@gmail.com **मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासो हरुलाई सम्बोधन गर्नेछौं ।**
Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at agencyfcr@gmail.com or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

FCR
Govt. Lic. No.: 1279/074/075
**FAIR CONNECT RESOURCE PVT.LTD.**
**Dumbarahi-04, Kathmandu Nepal, Tel :- +977-1-5905737, 5905736**
**Email:** agencyfcr@gmail.com

# चिसोसँगै बेँसी झर्न थाले मनाङवासी

**नविन अंकुर/मध्यान्ह**
मनाङ, २६ मंसिर

जाडो बढेसँगै हिमाली जिल्ला मनाङको तापक्रम दैनिक घट्दै गएको छ। मङ्सिरको अन्तिम साता आइपुग्दा यहाँको तापक्रम घटेर माइनस १६ डिग्री सेल्सियस पुगेको छ । बिहानीपखको तापक्रम माइनस आठदेखि १० को हाराहारीमा भए पनि रातिमा करिब माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ ।

प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङ सदरमुकाम चामे आसपासका क्षेत्रमा माइनस १६ देखि १८ डिग्रीसम्म पुग्ने गरेको छ । तापक्रम मापन गर्दा अत्यन्त कम देखाउँदै गएको उनले बताए । जसका कारण यहाँको जनजीवन कष्टकर बन्दै गएको उनले बताए ।

प्रजिअ लामिछानेले भने, 'चिसोले धारामा पानी जमेको छ भने खोलानालामा पनि पानी जम्दै गएको छ। बाटोमा हिउँ छ । सवारीसाधनको आवतजावत न्यून मात्रामा छ । पिउने पानी जोहो गर्नै मुस्किल हुन थालेको छ ।' चिसो बढ्दै जाँदा यहाँका पूर्वाधार निर्माणका काम ठप्प भएको प्रजिअ लामिछानेले जानकारी दिए।

चामे गाउँपालिकाले सूचना जारी गरी विकास निर्माणमा प्रयोग हुने सिमेन्टजन्य काम नगर्न आग्रह गरेको छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत नमनारायण मल्लले चिसोका कारण सिमेन्टसँग सम्बन्धित निर्माण कार्यमा समस्या हुने भएकाले काम बन्द गर्न भनिएको बताए ।

पूर्वाधार कार्यालय मनाङका प्रमुख जय विष्टले भने, 'चिसो अत्यधिक छ ।



त्यसैले सिमेन्टजडित कार्य ठप्प भएको छ। योजनाको नापजाँच, परीक्षणको काम गरिरहेका छौँ ।'

पहिलो हिमपात हुनासाथ यहाँका शैक्षिक संस्था बन्द भएका छन् । शैक्षिक संस्था बन्द भएपछि यहाँका अधिकांश स्थानीय जाडो छल्न जिल्लाबाहिर गएका छन् । यहाँका स्थानीय लमजुङ, काठमाडौँ, पोखरातर्फ झर्ने क्रम जारी रहेको छ ।

चिसोका कारण स्थानीय तल झरेपछि नार्पाभूमि गाउँपालिकामा रहेका दुई प्रहरी चौकी सदरमुकाम सारिएको प्रजिअ लामिछानेले जानकारी दिए । उनका अनुसार नार्पाभूमिका अत्यावश्यक कामकाजका लागि सदरमुकामस्थित चामे गाउँपालिका-३ कोतोमा अस्थायी कार्यालय स्थापना गरी सेवा प्रवाह भइरहेको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इकाई कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले चिसो बढिरहेको अवस्थामा पनि पर्यटकको आगमन भइरहेको बताए। 'सिजन'मा भन्दा पर्यटकको आगमन कम भए पनि आउने क्रममा जारी रहेको उहाँले जानकारी दिए। उनले भने, 'चिसोमा पनि दैनिक १५ देखि २० पर्यटक आएका छन् । बाटोमा केही मात्रामा हिउँ छ । हिउँ खेल्दै रमाउँदै पर्यटक थोराङ्ला भञ्ज्याङ, तिलिचो तालतर्फ जाने आउने भइरहेको छ ।' माथिल्लो क्षेत्रमा रहेका होटल व्यवसायी पूर्ण रूपमा बन्द नभएको भुजेलले जानकारी दिए ।

पर्यटकलाई मौसमसम्बन्धी जानकारीका साथै बाटोमा हुनसक्ने जोखिमलाई मध्यनजर गरी यात्रा गर्न सुझाव दिँदै आएको उनले बताए। मनाङ ङिस्याङ गाउँपालिका-५ भ्राकाका किसान सोनाम लामाले धेरैजसो गाउँले तल झरेका बताउँछन् । आफूहरू घर कुर्ने र याकचौँरी हेर्न घरमै बसेको उनले बताए। उनले भने, 'चिसोमा माउ चौँरी र युवा अवस्थाका याकलाई खुवाउन र बचाउन सजिलै हुन्छ । तर, चिसोमा बच्चालाई जोगाउन भने मुस्किल हुन्छ । ठूला पशुचौपायले पानी, घाँस आफैँ खोज्न सक्छन् ।' यहाँ फागुनको पहिलो सातादेखि खेतीपातीको समय सुरु हुन्छ । त्यसबेला बेँसीमा झारिएका गोठ लेकका खर्कतर्फ लैजाने गरिन्छ । हाल जिल्लाभर चार हजार तीन सय ९७ याकचौँरी रहेका भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख नरेन्द्र राईले जानकारी दिए। जाडो कम हुँदै गएपछि यहाँका स्थानीय पनि घर फर्कन थाल्छन् ।

# नागरिक सुनुवाइमा प्रहरीकै गुनासो

**धुलिखेल/मस**–नागरिकको सुरक्षा र समाजमा शान्ति स्थापना कायम गर्न सञ्चारको भरपर्दो सुविधा नहुँदा सोचेजस्तो सेवा प्रदान गर्न नसकिएको प्रहरीको गुनासो छ। काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-११स्थित मङ्गलटारमा रहेको इलाका प्रहरी कार्यालयले आयोजना गरेको 'नागरिक सुनुवाइ कार्यक्रम'मा इलाका प्रहरी कार्यालयका प्रमुख पञ्चलाल गोलेले रातिको समयम कार्यालय भएको क्षेत्रमा मोबाइलको नेटवर्क नहुँदा नागरिकको समस्या र गुनासोलाई सम्बोधन गर्न कठिनाई भएको गुनासो गरे ।

इलाका प्रहरी कार्यालय क्षेत्रमा नेपाल टेलिकम र एनसेलको सेवामा कमजोर भएका कारण नागरिकले दिनुपर्ने सूचना र प्रहरीबाट हुनुपर्ने शान्ति सुरक्षाको काममा प्रभावकारिता आउन नसकेको उनको भनाइ थियो । 'दिउँसोको समयमा नेटवर्क आए पनि रातिको समयमा दबै सञ्चारमाध्यमका नेटवर्कले काम गर्दैनन्,' उनले भने, 'धेरै वर्ष अगाडिदेखिको यस क्षेत्रको समस्या भनेको सञ्चारको पहुँच प्रभावकारी नहुनु हो ।'

पछिल्लो समयमा कार्यालय अनुगमनको क्रममा पुगेका प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालय प्रमुखलाई सूचना र सञ्चारको क्षेत्रमा व्यहोर्नुपरेको समस्याबारे जानकारी गराउँदा उहाँहरूले समाधान गर्न सम्बन्धित ठाउँमा पहल गर्ने आश्वासन दिएको प्रमुख गोलेले बताए । विशेषगरी



रातिको समयमा हुने आपराधिक घटनाको सूचना बेलैमा प्राप्त हुन नसक्दा आपराधिक घटनामा संलग्न हुने व्यक्ति उम्कने गरेको उनको भनाइ थियो।

भौगोलिक विकटता, जनशक्ति अभब ठाउँ अनुसारको सवार ीसाधन नहुनु र भएका सवारी साधन पनि थोरै हुँदा स्थानीय जनप्रतिनिधि, सङ्घ/संस्था र नागरिककै सहयोग लिनुपरेको प्रमुख गोलेको भनाइ थियो। पछिल्लो समय गाउँपालिकाको सहयोगमा मुख्य बजार क्षेत्रमा सिसिटिभि, जडान गरिएपछि घटनाको अनुसन्धानमा सहज भएको जनाइएको थियो । इलाका प्रहरी कार्यालयमा आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिकमा ६६ वटा सवारी साधन दुर्घटना, दुई वटा जबरजस्ती करणीको मुद्दा, एउटा आगलागीको घटना, तीन जना चोरी मुद्दा परेका र दुई वटा चोरीको मोटरसाइकल नियन्त्रणमा लिइएको त्यसबखत जनाइएको थियो। कार्यालयबाट सो अवधिभित्र २८ वटा स्थानमा जनचेतनामूलक कार्यक्रम सञ्चालन र आठ ठाउँमा सीसीटीभी जडान गरिएको जानकारी दिइयो ।

नागरिकले भने घटना भएको समयमा नै प्रहरीको उपस्थिति र सुरक्षाको व्यवस्था प्रभावकारी नभएको गुनासो गरेका थिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष दिनेश लामाले विपदको बेलामा र शान्ति सुरक्षाको काममा प्रहरीको महत्वपूर्ण योगदान रहेको बताए । प्रहरीकै सहयोगमा जनप्रतिनिधि र कर्मचारी मिलेर नागरिकको सेवामा खट्नु परेकाले प्रहरीलाई पालिकाले सहयोग गर्दै आएको उनको भनाइ थियो। विकास निर्माण र प्रशासनिक क्षेत्रमा गर्नुपर्ने काममा पालिका लागिरहेको बताउँदै अध्यक्ष लामाले संवेदनशील स्थानमा सिसिटिभि जडान गरिएको र अन्य स्थानमा पनि क्रमशः थप्दै जाने जानकारी दिए ।

रोशी गाउँपालिकाका-११ को भिखोरी डाँडामा भएको नेपाल टेलिकमको टावरमा राष्ट्रिय विद्युतीकरणको लाइन विस्तार नभएका कारण सोलारमार्फत विद्युत सञ्चालन गरिएकाले रातिको समयमा नेटवर्कको समस्या हुने गरेका कारण राष्ट्रिय प्रसारण लाईन जोड्ने प्रक्रियामा रहेको र विद्युत उपलब्ध भएपछि नेपाल टेलिकमको नेटवर्कको समस्या समाधान हुने र बिपी राजमार्गमा पनि फ्रि वाइफाईको लागि इन्टरनेटको सुविधा पुऱ्याउन पहल भइरहेको बताइएको थियो ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मीमबहादुर वाईबा, प्रमुख प्रशासकीय अधिकृत रामबहादुर तामाङ, गाउँपालिका प्रवक्ता वसन्तकुमार लामा, वडाध्यक्ष गाउँपालिकाका शाखा प्रमुख सञ्चाकर्मी र स्थानीयवासीको उपस्थिति थियो ।

## मुद्दा मिलाई दिने भनेर ठगी गर्ने दुई जना पक्राउ

**काठमाडौँ/मस**–मुद्दा मिलाई दिन्छु भन्दै ९९ लाख ७५ हजार ठगी गरेको अभियोगमा दुई जनालाई केन्द्रीय अनुसन्धान व्यूरो महार ाजगञ्जको प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं नागार्जुन नगरपालिका-१ र ानीवन बस्ने भोजपुर हतुवागढी गाउँपालिका-५ घर भएका २६ वर्षीय रीतु राई र बर्दिया पाताभार गाउँपालिका-१ घर भएका २१ वर्षीय निरेश चौधरी रहेका छन् । आपराधिक विश्वासघात र संगठित अपराध समेत मुद्दामा कारागार कार्यालय जगन्नाथ देवलमा पुर्पक्षका लागि थुनामा रहेका सुर्खेत वीरेन्द्रनगर नगरपालिका-५ घर भएका रेवन्त खड्काको मुद्दा मिलाई थुनामुक्त गराइदिन्छु भन्दै खड्काका परिवारबाट पटक-पटक गरी उक्त रुपैयाँ ठगी गरेको खुल्न आएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

निजहरुमाथि आपराधिक विश्वासघात तथा ठगी मुद्दामा थप अनुसन्धान भइरहेको छ ।

**बलेफी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बलेफी, सिन्धुपाल्चोक**

**आशयपत्र सम्बन्धी सूचना**

**प्रकाशित मितिः- २०८०।०८।२७**

यस गाउँपालिकाको कार्यालयमा मिति २०८०/०८/२२ गते सम्ममा रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये देहायको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको ७ दिने आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र.श. | ठेक्का नं कामको विवरण | बोल कबोल रकम ( PS र मु.अ.क.) सहित | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | BRM/NCB/04/2080/081 Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in designated location of Rural Municipality, Ward Offices, Community Health Centers and Community School of Balephi RM | 6183278.40 | Subisu Cablenet Ltd Baluwatar Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Project Implementation Unit (FPIU)**
**Kailali**

**Invitation for Online-Bids**

**(Notice No: FPIU/KAILALI/NCB/Works/ 2080/081/09)**
**Date of Publication: 2080/08/27 (13th December, 2023)**

1. FPIU, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

| Contract ID | Description of Works | Total Estimated Amount NRs (Without VAT including Provisional Sum) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| FPIU/KAILALI /Works/NCB/ 32-2080/081 | Construction of Emergency Shelter Building at Beldadi Rural Municipality ward no -02, Kanchanpur. | 85,56,912.89 | 2,40,000.00 | 3000 |
| FPIU/KAILALI /Works/NCB/ 33-2080/081 | Construction of Emergency Shelter Building at Bardawa photama Bhajani Rural Municipality ward no 3, Kailali. | 1,42,07,237.32 | 4,00,000.00 | 3000 |

**Project Chief**

UAE मा रोजगार | कम्पनीः Noor Al Afsa Cleaning Services Est.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०८/२६ चलानी नं.: ६०२११४२८ L.T. No.: 295232

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 15 | 0 | स. काममा दक्ष | 1200 | ४२,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०८० पौष ४ गते ( 20 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD
श्रम इजाजत नं.: १६४८/०८०/०८१
Sinamangal-09, Kathmandu, Nepal,Tel: 01-4919873, 4919874. | Email: info@securenepaljobs.com |

साउदीमा रोजगार | कम्पनीः Zouk Luqaimat restaurant for serving meals
शहरः Dammam

पूर्व स्वीकृत मितिः २०८०/०८/२६ चलानी नं.: ६०२११४२७ L.T. No.: 296441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०८० पौष ४ गते (20 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074 /075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal ☎01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493
9801080059, 9801044492, 9817002440

कुवेतमा रोजगार | कम्पनी : Al Maya Supermarket L L C
शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०७८/१२/१० चलानी नं.: ६०१७६४९९ LT. No.: 260369 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUTCHER | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ५६०३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forklift Driver | 1 | 0 | | 1800 | ७७५८०० | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 3 | 0 | | 1600 | ६८९६०० | | | | | | | |
| 4. | Light Vehicle Driver | 4 | 0 | | 1500 | ६४६५०० | | | | | | | |
| 5. | Packer/Cleaner | 4 | 0 | | 800 | ३४४८०० | | | | | | | |
| 6. | Retail Sales Assistant | 2 | 0 | | 1200 | ५१७२०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०८० पौष ४ गते (20 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SGMC SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Gov. Lic No. 1219/074/075
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com

# भक्तपुर र लशान नगरबीच भगिनी सम्बन्ध स्थापना

**भक्तपुर/मस–** भक्तपुर नगरपालिका र छिमेकी राष्ट्र चीनको सिचुवान प्रान्तको लशान नगरपालिकाबीच भगिनी सम्बन्ध स्थापनासम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

लशान नगरपालिका उपप्रमुख लेइ चियनसिन र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मंगलबार समझदारीपत्रमा हस्ताक्षर गरेका हुन । समझदारीअनुसार दुवै नगरपालिकाबीच समानता र पारस्परिक हितलाई ध्यानमा राखेर अर्थतन्त्र, व्यापार, शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन, हस्तकला, खेलकुदलगायत क्षेत्रमा सहयोग आदानप्रदान हुनेछ ।

लशान नगरपालिकाका उपप्रमुखले दुई नगरबीचको सहकार्यबाट आर्थिक, पर्यटन तथा सांस्कृतिक आदानप्रदानले द्विपक्षीय सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गरे ।

त्यसअघि चिनियाँ टोलीले भक्तपुर दरबार क्षेत्र, टौमढी, दत्तात्रय क्षेत्र, ख्वप कलेज, ख्वप अस्पताल र ख्वप कलेज अफ इन्जिनियरिङको भ्रमण गरेको थियो । कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गरी




भविष्यमा पारस्परिक हित हुने गरी सहकार्य र सहयोग गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर गर्न पाएकोमा खुशी प्रकट गरे ।

प्रमुख प्रजापतिले समझदारी पत्रमा उल्लेख भएबमोजिम दुइ नगरपालिकाबीच समानता र पारस्परिक हितलाई ध्यानमा राखेर अर्थतन्त्र, व्यापार, शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन, हस्तकला, खेलकुदलगायतका क्षेत्रमा सहयोग आदानप्रदान हुने आशा व्यक्त गरे ।

त्यस्तै लशान नगरपालिकाका उपप्रमुख लेइ चियनसिनले दुई नगरबीचको मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबाट हुने आर्थिक, पर्यटन तथा सांस्कृतिक आदानप्रदानले दुवैको सम्बन्ध अझ प्रगाढ हुँदै जाने विश्वास व्यक्त गरे ।

लशान सिचुवान प्रान्तकै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा विकास भइरहेको अवगत गराउँदै उपप्रमुख चियनसिनले मैत्रीपूर्ण सम्बन्ध स्थापनाबाट दुई नगरबीच हुने कृषि, सम्पदा संरक्षण, सांस्कृतिक पर्यटन आदानप्रदानले दुवै नगरको आर्थिक विकासमा समेत टेवा पुग्ने बताए ।

भक्तपुर अवलोकनको क्रममा भक्तपुर नपाले जनताको लागि शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी कलेज र अस्पताल सञ्चालनबाट आफूहरु निकै प्रभावित भएको बताउँदै भक्तपुरको सम्पदा पुनःनिर्माण कार्य निकै स्वागतयोग्य भएको बताए ।


समझदारी पत्र हस्ताक्षर समारोहमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरु, भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु, नपाबाट सञ्चालित कलेजका प्रमुखहरु तथा नगरका विशिष्ट व्यक्तित्वहरुको समेत उपस्थिति रहेको थियो । सोही समारोहमा चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिका शैक्षिक कार्य समिति सहसचिव लिउ यउज्युन, चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिको संस्कृति, रेडियो र पर्यटन ब्युरोका योजना प्रमुख लिऊ सियाओफाङ, चिकपा लशान नगर स्वास्थ्य आयोगका उपनिर्देशक याङ्ग यान, चिकपा लशान नगर समितिको आर्थिक सहकार्य तथा परराष्ट्र मामिला ब्युरोका उपनिर्देशक यु लिवन, चिकपा लशान नगर समितिका सदस्य एवम् लशान विशाल बुद्ध अवलोकन क्षेत्रका प्रमुख तथा लशान विशाल बुद्ध अवलोकन क्षेत्र अनुसन्धान संस्थानका अध्यक्ष फान युआनयुआनलगायतको उपस्थिति रहेको थियो ।

# जनकपुरमा विवाहपञ्चमी महोत्सवको रौनक

**जनकपुर/मस–**जनकपुरधाममा सप्ताहव्यापी रूपमा मनाइने सीताराम विवाहपञ्चमी महोत्सव आजदेखि विधिवत् रूपमा सुरु भएको छ । त्रेतायुगमा भगवान् राम एवम् जानकीको वैदिक विवाह प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा भएको सम्झनामा हरेक वर्ष मङ्सिर शुक्ल पञ्चमी तिथिको दिन पौराणिक विधिअनुरुप मनाइँदै आएको छ ।

सप्ताहव्यापी रामजानकी विवाह महामहोत्सवको पहिलो दिन आज नगरदर्शन भइरहेको छ । गोस्वामी तुलसी दासकृत रामायणमा वर्णित भएनुसार मिथिला नरेश राजर्षि जनकद्वारा गरिएको प्रतिज्ञालाई अयोध्याका राजकुमार मर्यादा पुरुषोत्तम भगवान् रामले धनुष तोडेर पूरा गरेकाले जानकीको विवाह उनीसँग भएको थियो । यसपालि मङ्सिर २६ गतेदेखि पुस २ गतेसम्म सप्ताहव्यापीरूपमा मनाइने श्रीरामजानकी विवाह महोत्सवका लागि स्वागतद्वार, पण्डाल निर्माण तथा विवाह सामग्री किनमेल गरिएको जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले बताए ।

अयोध्या नरेश दशरथको भूमिकामा जनकपुरधामस्थित राम मन्दिरका महन्थ राम गिरीको नेतृत्वमा पौराणिक व्यवस्थाअनुरुप बिहेको जन्ती बाजागाजा र स्वर्णिम झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेष सिंहासनमा राखी रङ्गभूमि मैदानमा पुऱ्याइन्छ । यस्तै जानकी मन्दिरबाट मिथिला नरेश जनकको भूमिकामा जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवको नेतृत्वमा जानकीको प्रतिमालाई



विशेष सुसज्जित डोलामा राखी सोही रङ्गभूमि मैदानमा पुऱ्याइन्छ ।

भगवान् रामको स्वर्णिम डोलालाई जानकीको विशेष सुसज्जित डोलाले पाँचपटक परिक्रमा एवम् आरती पूजन गरेपछि स्वयंवर कार्यक्रम सम्पन्न हुने धार्मिक परम्परा रहिआएको छ । भगवान् राम र सीताबीच विवाह भएको स्मरणमा प्रत्येक वर्ष सप्ताहव्यापी रूपमा विवाहपञ्चमी महोत्सव मनाइन्छ । विवाहपञ्चमी महोत्सवको पहिलो दिन आज जानकी मन्दिर प्राङ्गणमा बालबालिकालाई राम र लक्ष्मणको स्वरुप बनाई घुमाएर नगर दर्शन गराइएको छ । यस्तै, दोस्रो दिन बुधबार फूलबारी लीला, तेस्रो दिन बिहीबार धनुष यज्ञ, चौथो दिन शुक्रबार तीलकोत्सव, पाँचौं दिन मङ्सिर ३० गते मटकोर र पुस १ गते रामसीता स्वयंवर तथा विवाह कार्यक्रम हुनेछ ।

महोत्सवको अन्तिम दिन आगामी पुस २ गते रामकलेवा गरी अयोध्याबाट जन्तीका रूपमा आएका साधुसन्तको बिदाइ गरेपछि विवाहपञ्चमी महोत्सव विधिवत् समापन हुनेछ । विवाहपञ्चमी महोत्सवमा यस वर्ष ऐतिहासिक रङ्गभूमि मैदानमा सीतारामको प्रतिमा निर्माण गर्न लागिएको जनकपुर बृहत्तर क्षेत्र विकास कोषका अध्यक्ष शीतल साहले बताउनुभयो । मूर्ति बनाउन अन्नको मात्र प्रयोग गरिने छ ।

# कक्षा १२ सम्म निःशुल्क शिक्षाको तयारी



**सिन्धुपाल्चोक/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले कक्षा १२ सम्मको शिक्षा निःशुल्क गर्ने सोचमा सरकार रहेको बताएका छन्। सिन्धुपाल्चोकको चौतारा–८ स्थित इर्खु माध्यमिक विद्यालयको ६४औँ वार्षिकोत्सव तथा २४औँ अभिभावक भेलालाई आज सम्बोधन गर्दै मन्त्री बस्नेतले भने, '१२ कक्षासम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्ने तयारीमा सरकार रहेको छ । आर्थिक अभावमा कुनै पनि विद्यार्थी पढ्नबाट वञ्चित हुने अवस्था नआओस् भन्ने सरकारको चाहाना छ । त्यसको घोषणा चाँडै हुनेछ ।'

मन्त्री बस्नेतले चिकित्सा शिक्षालाई सबैको पहुँचमा पुऱ्याउने अभियानमा आफू लागेको बताउँदै तीन सय शय्या भएको अस्पतालमा नर्सिङ, तीन सयभन्दा माथिका अस्पतालमा चिकित्सा शिक्षा अध्यापनको अनुमति दिइने जानकारी दिए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/१०/१७ मा दर्ता भएको **लभ योर्सेल्फ एन्ड सम्झना नेल एन्ड बडी स्पा सैलून प्रा.लि. (प्रा.लि. नं. ३०६१२३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०५/२६ मा दर्ता भएको **प्रा.लि. नं. २२४२९१** को **बक्रकुण्ड यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०८/१९ मा दर्ता भएको **प्रा.लि. नं. १७९४७० को मंगलम विल्डर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशन मिति : २०८०/०८/२७)**

यस कार्यालयबाट मिति २०८०/०७/२२ गते प्रकाशित ई बोलपत्रको सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | खरिद कार्यको विवरण | ठेक्का न. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (पि.एस. र मू.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | Construction of office quarter building, compound wall with entrance gate, manhole, underground water tank and guard house of IDO building premises. | IDOSANK/ 337010124/OFFICE/ 01-080/81 | M/S Jharpat Nirman Sewa, Khandbari Municipality - 01, Sankhuwasabha | 1,31,30,773.62 |

**कार्यालय प्रमुख**



# Shuklaphanta Municipality
# Office of Municipal Executive
**Jhalaari, Kanchanpur**
**Sudurpaschim Pradesh, Nepal**

## Invitation for Bids

**(First Date of Publication: 2080/08/27 [2023-12-13])**

| Contract ID | Project Description | Estimated Amount (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/080-81/NCB/ GO/08 | Collection of Internal Revenue from Extraction of Construction Materials from Gaudi Khola & Anaukhi khola ward no 8 in Shuklaphanta Municipality | 1,70,32,285.60 | 8,51,612.93 | 2080/09/27 (2024-Jan-12) 12:00 PM | 2080/09/27 (2024-Jan-12) 13:00 PM |

| Cost of bidding document: Rs. 3000 should be deposited at: | Bid Bond Security amount should be deposited at: |
|---|---|
| ✓ Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur<br>✓ Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA<br>✓ Office Account No.: 05910106200002 | ✓ Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur<br>✓ Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA<br>✓ Office Account No.: 05910106200016 |



## युएईमा रोजगारको अवसर | कम्पनी: EURO TROUSERS MFG. CO. (FZC) शहर: RAS AL KHAIMAH

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ चलानी नं.: ६०२११४३१ LT. No.: 296418

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 40 | 40 | सम्बन्धित काममा दक्ष | 800 | २९,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Line Qc | 10 | 6 | | 1500 | ५४,३९० | | | | | | | |
| 3. | Production Supervisor | 6 | 0 | | 2000 | ७२,५२० | | | | | | | |
| 4. | Security Guard | 6 | 0 | | 1500 | ५४,३९० | | | | | | | |
| 5. | Sewing Operators | 50 | 100 | | 1200 | ४३,५१२ | | | | | | | |

## साउदीमा रोजगार | कम्पनी: WORK FORCE LOGISTIC SERVICE COMPANY शहर: Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मिति: २०८०/०८/२६ चलानी नं.: ६०२११४३० LT. No.: 295975

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ४ गते (20 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | यूएईको निःशुल्क साउदीको रु १०,०००/ |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
ISO 9001 : 2015

Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**BRANCH OFFICE'S:**
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

# पाकिस्तानी सेनाको आधार शिविरमा आक्रमण, २३ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** पाकिस्तानी सेनाको आधार शिविरमा मंगलबार भएको आत्मघाती बम आक्रमणमा परी कम्तीमा २३ जनाको मृत्यु भएको छ। आक्रमणको जिम्मेवारी पाकिस्तानी तालीवानले लिएको छ ।

परिचय नखुलाउने शर्तमा एक जना स्थानीय अधिकारीले अफगानिस्तानको सीमा नजिकै खैबर पख्तुन्ख्या प्रान्तको डेरा स्माइल खान जिल्लास्थित शिविरलाई लक्षित गर्दै बिहानको समयमा आक्रमण भएको बताएका छन् । उनका अनुसार सेनाहरू सुतिरहेको अवस्थामा आक्रमण भएकाले सेनाहरु सिभिल पोसाकमै थिए । अधिकांश मृतक सैन्य कर्मचारी भएको अनुमान गरिएको भए तापनि, मृतृककहरूको पहिचान खुल्ने क्रम जारी रहेको छ ।

विस्फोटक पदार्थले भरिएको गाडीले अस्थायी सैन्य आधारमा आक्रमण गराउँदा अन्य २७ जना घाइते भएको समेत बताइएको छ । विस्फोटको कारण शिविरका तीनवटा कोठा भत्किएका छन् भने भग्नावशेषबाट शव निकाल्ने कार्य भइरहेको छ। मृतकको संख्या बढ्ने आंकलन गरिएको छ ।

बिहानको २:३० मा हमला शुरु गरेको तालीवानसँग सम्बद्ध तेहरिक ए जिहाद समूहले जनाएको छ । सन् २०२१ मा तालिवान सत्तामा फर्किएदेखि पाकिस्तान-अफगानिस्तानका सीमा क्षेत्रमा आक्रमणमा वृद्धि भएको छ ।

अमेरिकी सेना फिर्ता भएदेखि छेमेकी विद्रोही उत्साहित भएको विश्लेषकहरुले बताउँदै आएका छन् । पकिस्तानी द्वन्द्व सुरक्षा अध्ययन संस्थाका अनुसार गत वर्ष तथा २०२३ को शुरुवाती चरणको तुलनामा पछिल्लो समयमा द्वन्द्व झण्डै ८० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

इस्लामाबादले आक्रमणकारी समूह सीमापारीबाट परिचालित भएको आरोप लगाएको छ। यद्यपि सो आरोप तालिबान सरकारले निरन्तर अस्वीकार गरिरहेको छ । घटनाबारे पाकिस्तानी सेनाले भने अहिलेसम्म कुनै पनि प्रतिक्रिया दिएको छैन ।

# जिम्बाब्वेमा खडेरीले सय हात्ती मरे



**काठमाडौं/एजेन्सी–** जिम्बाब्वेमा खडेरीको कारण कम्तिमा एक सय वटा हात्ती मरेका छन् । जिम्बाब्वेस्थित ह्वाङ्गे राष्ट्रिय निकुञ्जमा एल निनो नामक खडेरीका कारण कम्तीमा एक सय वटा हात्तीको मृत्यु भएको अन्तर ाष्ट्रिय पशु कल्याण तथा संरक्षण समुहले सोमबार जनाएको छ ।

पशु कल्याणको लागि अन्तरराष्ट्रिय कोषले सार्वजनिक गरेको विज्ञप्ति अनुसार हाल सो खडेरीका कारण ग्रीष्मकालीन वर्षा सामान्यभन्दा पाँच हप्ता ढिलो शुरु भएको छ । जसका कारण झण्डै ४५ हजार हात्तीको बास स्थान रहेको जिम्बाब्वेको सबैभन्दा ठूलो संरक्षित क्षेत्र ह्वान्गे राष्ट्रिय निकुञ्जमा दर्जनौं हात्तीहरू मरेका छन् ।

कम्तीमा पनि एक सय हात्तीहरू पानीकै अभावका कारण मृत्यु भएको कोषले उल्लेख गरेको छ । संस्थाको पार्कमा रहेका १०४ वटा सौर्य उर्जाबाट चल्ने बोरहोल चरम तापक्रमसँग मिलाउन अपर्याप्त रहेको बताईएको छ । खडेरीले गर्दा पानीका मुहान सुक्दै गएको र वन्यजन्तुलाई खाना र पानीको खोजीमा लामो दूरीसम्म हिँड्न बाध्य पारेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# एडीबीद्वारा लाओसलाई ३ करोड २० लाख डलर ऋण




**काठमाडौं/एजेन्सी–** एसियाली विकास बैंक एडीबीले जलवायु परिवर्तनबाट सृजित समस्यासँग जुध्न लाओसलाई ३ करोड २० लाख ऋण स्वीकृत गरेको छ। देशका विभिन्न प्रान्तका कृषक समुदायको जीविकोपार्जनमा सुधार ल्याउनका लागि मंगलबार तीन करोड २० लाख अमेरिकी डलर ऋिण स्वीकृत गरेको छ ।

